**चीसोबाट बचौं**

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



**फ्लैट भाडामा**

वीरगंज महानगरपालिका-१२ मुर्ली बगैंचास्थित वाणिज्य कार्यालय भएको कम्पाउन्डभित्र चार कोठा, अटैच बाथरूम-१, बाथरूम-१, किचन, पार्किङको व्यवस्था भएको छ । अटैच बाथरूम भएको थप माथिल्लो कोठा भाडामा छ ।

**रामबहादुर थापा**
मो.नं.: ९८५५०२००३०



❖ वर्ष ३८ ❖ २०८१ पुस ०६ गते शनिवार// मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 21 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११३


## बहुदरमाई नपामा विद्यार्थीहरूको प्रदर्शन
## कार्यालय तोडफोड/आगजनी, लाखौंको क्षति



बहुदरमाई नपा कार्यालयको फर्निचर तोडफोड गरी आगजनी गर्दै विद्यार्थीहरू । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ५ पुस/

बहुदरमाई नगरपालिकास्थित नेरामावि डोकैला बहुअरीलगायतका विद्यार्थीहरूले नगरपालिका कार्यालयमा तोडफोड, आगजनी गरेर लाखौं मूल्यको क्षति गरेका छन् ।

बहुदरमाई नपा अन्तर्गत सामुदायिक विद्यालयका विद्यार्थीहरूले हिजो बिहीवार दोस्रो त्रैमासिक परीक्षामा विलम्ब भएको भन्दै आन्दोलन गरेका थिए । प्रत्येक तीन महीनामा लिनुपर्ने परीक्षा अन्तर्गत दोस्रो त्रैमासिक परीक्षा शुरू नगरिएको भन्दै उनीहरूले हिजो आन्दोलन गरेको र आज सो विषयमा बिहान १० बजे छलफल राखिएकोमा सो अघि नै विद्यार्थीहरू भेला भएर नगरपालिका कार्यालयमा तोडफोड, आगजनी गरेका थिए ।

नगरप्रमुख सिंगासन साहले विद्यार्थीहरूलाई शिक्षक, कर्मचारीहरूले उचालेर सो कार्य भएको आरोप लगाएका छन् । उनले केही विद्यार्थीहरूले शिक्षकको उक्साहटमा आन्दोलन गरेको र आगजनीको घटना भएको जानकारी दिए ।

विद्यार्थीहरूले नगरपालिकाका विभिन्न कक्षमा रहेका फर्निचरमा आगजनी गरेका थिए । स्रोतका अनुसार प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तुफाको कक्षबाहेक अन्य कक्षहरूमा रहेका फर्निचरलगायत सामग्रीमा आगजनी गरिएको छ ।

आजको घटनामा संलग्न रहेको आरोपमा एकजना विद्यार्थीलाई इलाका प्रहरी कार्यालय, पोखरियाले पक्राउ गरेको छ ।

बहुदरमाई नपामा ११ वटा प्रावि, एउटा निमावि र छवटा मावि गरी १८ वटा सामुदायिक विद्यालय छन् । हिजोसम्म एउटा मात्र विद्यालयले दोस्रो त्रैमासिक परीक्षाको सूची प्रकाशन गरेको थियो ।

सो नपामा नगरप्रमुख साह, उपप्रमुख सुषमा कुशवाहा तथा प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तुफाबीच लामो समयदेखि विवाद रहँदै आएको छ ।

विवादकै कारण गत असार १० गतेसम्म गर्नुपर्ने नगरसभा हुन सकेको थिएन । दशैंपछि कात्तिक ८ गते मात्र नगरसभा भएको थियो । तर सोही क्रममा स्वास्थ्यकर्मीहरूको परीक्षाको नतीजा सार्वजनिक गरिएपछि नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच द्वन्द्व बढेको थियो ।

नगरप्रमुखको चाहनाविपरीत परीक्षाको नतीजा प्रकाशन भएपछि उनले नगरसभाको विवरण प्रमाणीकरण गरेर सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अहिलेसम्म पठाएका छैनन् । जसले गर्दा बहुदरमाई नपाको खाता सञ्चालनमा आउन सकेको छैन र त्यहाँ आर्थिक कारोबार हुन सकेको छैन ।

शिक्षक, कर्मचारीले तलब पाएका छैनन् । ठेकेदारले भुक्तानी पाउन सकेका छैनन् । विकास निर्माणको कार्य आर्थिक गतिविधि नहुँदा ठप्प छ । नगरप्रमुख साहले प्रमुख प्रशासकीय अधिकृतलाई सरुवा गराउन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले चाँडै काम गर्ने बताए । उनले प्रमुख प्रशासकीय अधिकृतले प्रतिकूल कार्य गरिरहेको आरोप लगाए । प्रमुख प्रशासकीय अधिकृत मुस्तुफाको भने मोबाइल अफ छ ।

## पोखरिया अस्पतालको स्तरोन्नति आज भयो
## यस अघि यश लिनेहरूले भ्रम फैलाए

प्रस वीरगंज, ९ पुस/

पर्साका नेताहरूले जनतालाई झूटो बोलेर झुक्याउने गरेको पुष्टि भएको छ । मङ्सिरको पहिलो सातामा सामाजिक सञ्जालमा पोखरिया अस्पतालको स्तरोन्नति भएको भन्दै नेताहरूले भ्रम फैलाएका थिए ।

पोखरिया नपाका नगरप्रमुख प्रद्युम्न चौहान, सङ्घीय मन्त्री राजकुमार गुप्ताको निजी सचिवलगायत प्रदेशका मन्त्रीका समर्थकलगायतले पोखरिया अस्पतालको स्तरोन्नति गर्न आफूहरूको योगदान रहेको भन्दै सामाजिक सञ्जालमा हल्ला फैलाएका थिए ।

शुक्रवार मन्त्रिपरिषद्को बैठकले पोखरिया अस्पताल ५० शय्याको स्तरोन्नति गरेको छ । नेपाल सरकारका खानेपानीमन्त्री प्रदीप यादवले फेसबूकमा स्टाटस लेख्दै पोखरिया अस्पतालको स्तरोन्नति भएको मन्त्रिपरिषद्ले निर्णय गरेको बताएका छन् । स्वास्थ्यमन्त्रीको बुँदा नं १०३ मा स्तरवृद्धि गर्ने आधारमा आज सो निर्णय भएको बताइएको छ ।




प्रस्ताव तथा प्रधानमन्त्रीको निर्देशनमा पोखरिया अस्पताललाई ५० शय्या बनाउने निर्णय भएको मन्त्री यादवले जानकारी गराए । मधेस प्रदेश सरकारको आव २०८०/८१ को नीति तथा कार्यक्रमको

पोखरिया अस्पतालको स्तरवृद्धि भएको भन्दै एक महीना अघि फेसबूकमा मन्त्री तथा नेताहरूले झूटो प्रचार गरेकामा आज उनीहरूले फेसबूक स्टाटस पनि डिलिट गरेका छन् ।

## युथ अफ निजगढमार्फत छात्रवृत्ति प्रदान

प्रस, निजगढ, ५ पुस/

युथ अफ निजगढमार्फत दुईजना छात्रछात्रालाई शुक्रवार छात्रवृत्ति प्रदान गरिएको छ । जनकल्याण आधारभूत विद्यालय, निजगढ-४ बागदेवमा कक्षा ५ मा अध्ययनरत प्रतिमा ढुङ्गानालाई एक वर्ष र सोही विद्यालयको कक्षा ७ मा अध्ययनरत मनीष सिंगारालाई दुई वर्षका लागि छात्रवृत्ति प्रदान गरिएको क्लबका अध्यक्ष कमल बजगाईंले बताए ।

निजगढ नपा-४ बागदेव निवासी हाल अमेरिकामा बस्दै आएका समीर चौलागाईंले कक्षा १२ सम्मका विद्यार्थीहरूलाई छात्रवृत्तिका लागि आर्थिक सहयोग गर्ने जनाएकाले आज विद्यालयमा कार्यक्रम गरी प्रदान गरिएको संस्थाका वरिष्ठ सल्लाहकार भाइकाजी श्रेष्ठले बताए ।




यस वर्षको छात्रवृत्तिका लागि ३० हजारको चेक विद्यालयलाई प्रदान गरिएको संस्थाका कोषाध्यक्ष अशोक

(बाँकी पाँचौं पातामा)

## प्रसौनीमा नगरप्रहरीलाई १५ दिने तालीम




प्रस, वीरगंज, ५ पुस/

बाराको प्रसौनी गाउँपालिकाले नगरप्रहरीहरूलाई १५ दिने तालीम शुरू गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत सुमीत रौनियारले पुस ३ देखि १८ गतेसम्म १५ दिने तालीम शुरू भएको बताए । उनले नगरप्रहरीको भूमिका, काम, कर्तव्य र अधिकार, निर्णय कार्यान्वयनको कानूनी, प्रशासनिक तथा प्राविधिक पक्षलगायतका विषयमा आधारभूत तालीम प्रदान गरिने जानकारी गराए ।

नगरप्रहरी जवानहरूलाई इलाका प्रहरी कार्यालय, प्रसौनीका प्रमुख सुरेशराज भट्टले जनसम्पर्क तथा सूचना सङ्कलन, प्राथमिक उपचार तथा घाइते उद्धार, बजार अनुगमन तथा व्यवस्थापन, छाडा चौपाया व्यवस्थापन, सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण नियन्त्रणका बारेमा प्रशिक्षण दिँदैछन् ।

गापाध्यक्ष विनोद जयसवालले फूटपाथको व्यवस्थापन, ट्राफिक तथा ईरिक्शा, हाटबजार, अग्निनियन्त्रण, सरसफाइ तथा फोहर व्यवस्थापन, बजार अनुगमन र न्यायिक समितिको निर्णय कार्यान्वयनमा सघाउ पुग्ने उद्देश्यले १५ दिने आधारभूत तालीम आयोजना गरिएको बताए ।

## अतिरिक्त क्रियाकलापको विकास हुनुपर्छ –रुँगटा




प्रस, वीरगंज, ५ पुस/

संविधानसभा सदस्य अनिल रुँगटाले विद्यार्थीहरूमा पढाइको अलावा अतिरिक्त क्रियाकलापप्रति ध्यान केन्द्रित गर्नुपर्ने बताएका छन् ।

लाइभ इभेन्ट एन्ड म्यानेजमेन्ट वीरगंजले आयोजना गरेको युथ फेस्ट प्रतियोगिताको शुक्रवार उद्घाटन गर्दै उनले शिक्षासँगै गायन, नृत्य, बहस जस्ता विषयमा पनि विद्यार्थीहरू अगाडि आउनुपर्ने बताए । कार्यक्रममा नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष ओमप्रकाश खनाल, राघव साहलगायतले मन्तव्य राखेका थिए ।

शुक्रवारदेखि शुरू भएको सो प्रतियोगिता तीन दिनसम्म चल्ने र वीरगंजका १२ वटा विद्यालय सहभागी रहेको आयोजकले जनाएको छ ।

म्यानेजमेन्टका अध्यक्ष विकास चौहानको अध्यक्षतामा भएको प्रतियोगितामा निर्णायक ध्रुवसिंह ठकुरी र राजन रौनियार रहेका छन् ।




## विचारसार र सूक्तिहरू

**हामीले आफ्ना विचारहरूको निरीक्षण गर्नुपर्छ, स्वार्थको, लिप्साको, अनुचित अहङ्कारको एवं मोहग्रस्तताका पर्खालहरूलाई खसाएर प्रयत्नहरूद्वारा आत्मविश्वासको पथमा हिंड्न सक्नुपर्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# औद्योगिक विकासको सङ्केत

**नेपालको औद्योगिक विकासका दृष्टिले हेटौंडा औद्योगिक क्षेत्रको स्थान र उद्देश्य महत्त्वपूर्ण छ। यस क्षेत्रको स्थापना विसं २०२० सालमा भएको हो। यसको उद्देश्य नेपालमा औद्योगिक विकासलाई गति दिनु, रोजगार सिर्जना गर्नु र समग्र अर्थतन्त्रमा योगदान पुऱ्याउनु थियो। तर लक्ष्यमा नपुग्दै स्थापनाको केही वर्षपछि नै यो क्षेत्र समस्यामा पर्न थाल्यो। बन्द रहेका उद्योग र विभिन्न समस्याले औद्योगिक क्षेत्र स्थापनाका उद्देश्य र उत्साहहरू निराश हुने अवस्थामा पुगेका थिए। यसैबीच अब भने पुनः उत्साहका साथ उद्योगहरू सञ्चालनमा आउन थालेका छन्। हाल १२७ वटा उद्योग यस क्षेत्रमा नियमितरूपमा सञ्चालित छन् भने १२ वटा नयाँ उद्योग निर्माणधीन अवस्थामा छन्। आउँदो दुई वर्षभित्र उक्त उद्योगहरू पनि सञ्चालनमा आउने निश्चित भएको छ। अब भने यस क्षेत्रको भविष्य आशाजनक देखिन थालिएको छ। यस क्षेत्रको पहिलो र प्रमुख समस्या भनेको औद्योगिक पारिस्थितिकीमा आएको अव्यवस्था थियो। शुरूमा स्थापना भएका उद्योगहरूको सञ्चालनमा नै समस्या आयो। कच्चा पदार्थको अभाव, असहज व्यवस्थापन र स्थानीय सरकारले उद्योगका लागि आवश्यक संरचनाहरू बनाउन नसकेको कारणले यस क्षेत्रको विकास अवरुद्ध भएको थियो। धेरै उद्योग आर्थिक सङ्कटको सामना गर्दै बन्द भए। यसले औद्योगिक क्षेत्रको स्थायित्वमा प्रश्न उठाएको थियो। औद्योगिक क्षेत्रमा केही उद्योगहरूले सस्तो जग्गा र सहुलियतमा लगानी गर्ने प्रलोभनमा उद्योग स्थापना गर्नका लागि सम्झौता गरे तर संरचनाको अभाव र अपेक्षित बजेट नहुँदा ती उद्योगहरू सञ्चालनमा आउन सकेनन्। समग्र औद्योगिक क्षेत्रको विकासमा यसले ठूलो अवरोध पुऱ्याएको थियो।**

**तर अहिले हेटौंडा औद्योगिक क्षेत्रमा फेरि जीवनको सङ्केत देखिन थालेका छन्। अहिले निर्माणाधीन १२ वटा उद्योग ठूला र बहुराष्ट्रिय कम्पनी संलग्न उद्योगहरू हुन्। आगामी दुई वर्षमा यी उद्योगहरूले उत्पादन शुरू गर्ने योजना बनाएका छन्। यसका साथै केही पुराना उद्योगहरू पनि पुनः सञ्चालनमा आएका छन् र यसले यस क्षेत्रप्रति उद्योगीहरूको विश्वासलाई एकपटक पुनः सुदृढ गरेको छ। हेटौंडा औद्योगिक क्षेत्रको पुनर्जीवनका मुख्य कारणहरूमा पहिलेको व्यवस्थापन समस्यामा सुधार, सरकारी सहुलियत र सशस्त्र प्रहरी सुरक्षा स्थपना गर्न पाएको सफलताले हो। यी पहलहरूले उद्योगीहरूलाई सुरक्षित र व्यवस्थित वातावरण दिएको छ, जसले नयाँ उद्योगहरूलाई आकर्षित गरेको छ।**

**पुनर्जीवित हुन थालेको यस औद्योगिक क्षेत्रका लागि राज्यको भूमिका महत्त्वपूर्ण छ। औद्योगिक क्षेत्र व्यवस्थित गर्नका लागि सरकारले आवश्यक बजेट र आर्थिक प्रोत्साहनको व्यवस्था गर्नुपर्छ। यस क्षेत्रमा अझै पनि आवश्यक संरचनाहरू जस्तै निर्माणाधीन उद्योगहरूका लागि उपयुक्त स्थल, विद्युत् आपूर्ति र माटो परीक्षण जस्ता आधारभूत संरचनामा सुधार आवश्यक छ। सरकारी संरचनात्मक सुधार र अव्यवस्थापनको सुधारले मात्र यहाँको औद्योगिक क्षेत्रलाई दीर्घकालीन सफलता प्राप्त हुन सक्छ। अर्को कुरा सरकारी निकायहरूको समन्वय महत्त्वपूर्ण छ। हेटौंडा औद्योगिक क्षेत्रका प्रबन्धक र उद्योगीहरूको सहकार्यले मात्रै यस क्षेत्रमा उद्योगहरूको द्रुत विकास र दीर्घकालीन स्थायित्व सुनिश्चित गर्न सक्छ। यस क्षेत्रको सुव्यवस्था एवं संरक्षणका लागि [redacted]कीय भूमिका निभाउन सक्नुपर्छ।**

# शिक्षाको वर्तमान अवस्था र सुधारमार्ग

स्वतन्त्र विचार



भरत सहनी

bharat.sahani09@gmail.com

**विषयगत शिक्षकको लामो समयसम्म समायोजन नहुनु, खाली दरबन्दीको पूर्ति समयमैं नहुनु, विषयगत शिक्षक शहरी क्षेत्रमा केन्द्रिकृत हुँदै जानुले गाउँका सामुदायिक विद्यालयमा विद्यार्थी छन् तर शिक्षक छैनन्। शहरका विद्यालयमा पनि शिक्षक छन् तर विद्यार्थी छैनन्को अवस्था सिर्जना भएको छ।**

नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षासम्बन्धी हक अन्तर्गत प्रत्येक नेपाली नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निश्शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निश्शुल्क पाउने हकको सुनिश्चितता गरेको छ। नेपालमा विद्यालय शिक्षाभित्र पूर्वप्राथमिक शिक्षा, कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको माध्यमिक शिक्षा गरी तीन तहको शिक्षा सञ्चालनमा छन्। शिक्षामा वार्षिक १० प्रतिशत सङ्घीय बजेट खर्च भए तापनि यसबाट अपेक्षित उपलब्धि हासिल हुन नसकेको अवस्था छ। नेपालमा विद्यालय शिक्षाभित्रका अनेकौं समस्याहरूमध्ये प्रमुख समस्या पहिचान गरी समाधानका उपायको खोजी गर्नु आजको आवश्यकता हो। हाल नेपालमा पूर्वप्राथमिक शिक्षा तथा बालविकास कार्यक्रममा १२ लाखभन्दा बढी, आधारभूत तहमा ५४ लाखभन्दा बढी र माध्यमिक तहमा करीब १८ लाख गरी कुल ८४ लाखभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्। यो सङ्ख्या कुल जनसङ्ख्याको करीब २९ प्रतिशत हो। जनसङ्ख्याको यति ठूलो हिस्सालाई शिक्षा प्रणालीमा सुधार गरी दिशानिर्देश नगर्ने हो भने देशले अपेक्षा गरेको "समृद्ध नेपाल, सुखी नेपाली"को परिकल्पना पूरा हुन सक्दैन।

पूर्वप्राथमिक शिक्षा तथा बालविकास कार्यक्रम शिक्षा क्षेत्रको प्रारम्भ बिन्दु हो। नेपालमा यसको पहुँच विशेषगरी गरीब, सीमान्तकृत र जोखिममा परेका समुदायमा पुगेको देखिंदैन। राष्ट्रियस्तरमा पूर्वप्राथमिक शिक्षामा खुद भर्नादर ६९ प्रतिशत मात्र छ, अझै पनि ३१ प्रतिशत बालबालिका बालविकास केन्द्रमा जाँदैनन्। मधेस प्रदेशमा खुद भर्नादर ५४.६ प्रतिशत मात्र छ भने गण्डकी र बाग्मतीमा ८६ प्रतिशत छन्। गरीब, सीमान्तकृत र जोखिममा परेका समुदायका बालबालिकामा यसको पहुँच र सहभागिता बढाउन समुदाय लक्षित भर्ना अभियान सञ्चालन गर्नु आवश्यक छ। जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तन अनुसार नयाँ बालविकास केन्द्र खोल्ने निश्चित मापदण्ड तयार भएको देखिंदैन। तसर्थ मापदण्ड तयार गरी जनसङ्ख्याको चाप अनुसार केन्द्रको सङ्ख्या थपघट गर्नु आवश्यक छ। बालविकास केन्द्रमा दिवा हेरचाह सेवा उपलब्ध छैनन्। बालविकास केन्द्र शिक्षाको पहिलो तह भएकोले यसमा दिवा हेरचाह सेवाको व्यवस्था गर्नुपर्छ। त्यसैगरी, बालविकास केन्द्रमा काम गर्ने शिक्षिका न्यून तलबमा काम गरिरहेका छन्। तसर्थ बालविकास केन्द्रमा कम्तीमा प्राथमिक तहको शिक्षक बराबरको तलबको व्यवस्था गर्न आवश्यक छ। बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाका लागि सीमित मात्रामा निश्शुल्क पाठ्यसामग्री उपलब्ध छन्। तसर्थ कक्षा १ देखि १० का विद्यार्थीकै सरह बालविकास केन्द्रका बालबालिकालाई पनि निश्शुल्क पाठ्यसामग्रीको पूर्ण सेट उपलब्ध गराउने व्यवस्था गर्नु आवश्यक छ।

नेपालमा अझै पनि ४.९ प्रतिशत आधारभूत तह उमेरका बालबालिका विद्यालयबाहिर छन्। आर्थिकरूपले विपन्न, सीमान्तकृत समुदाय, दलित, जनजाति र भौगोलिकरूपमा दुर्गम स्थानमा बसोबास गर्ने र जोखिमपूर्ण अवस्थामा रहेका परिवारका बालबालिकाको गुणस्तरीय आधारभूत शिक्षामा पूर्ण पहुँच पुग्न नसकेको अवस्था छ। आधारभूत शिक्षामा पहुँच वृद्धिका लागि स्थानीय तहको नेतृत्वमा आर्थिकरूपले विपन्न, सीमान्तकृत समुदाय, दलित, जनजाति र भौगोलिकरूपमा दुर्गम स्थानमा बसोबास गर्ने र जोखिमपूर्ण अवस्थामा रहेका परिवारलक्षित विद्यार्थी भर्ना अभियान चलाउनु आवश्यक छ। भर्ना भएका विद्यार्थीलाई विद्यालयमा टिकाउन स्थानीय परिवेश अनुसारका थप कार्यक्रम सञ्चालन गर्नु जरुरी छ। नेपालमा कक्षा दोहोऱ्याउने र छाड्ने दर अझै पनि बढी छ। कक्षा १ मा भर्ना भएकामध्ये ३३ प्रतिशत विद्यार्थी मात्र कक्षा १२ मा पुग्ने गरेको तथ्याङ्कले देखाउँछ।

आधारभूत तहमा विद्यार्थीको सिकाइ दर असाध्यै कमजोर देखिन्छ। कक्षा ८ मा सिकाइ दर नेपालीमा ५९, अङ्ग्रेजीमा ५२, गणितमा ३२ र विज्ञानमा ३८ प्रतिशत मात्र रहेको छ। पढ्न, गणना गर्न र उमेर अनुसार सिकाइ दक्षता प्रदर्शन गर्न नसक्ने विद्यार्थीका लागि राष्ट्रव्यापी द्रुत सिकाइ कार्यक्रम लागू गर्न आवश्यक देखिन्छ। विद्यार्थीको सिकाइ दर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलगायत सबै सरोकारवाला जवाफदेही हुने पद्धतिको विकास गर्नु आवश्यक छ। स्रोत केन्द्रको खारेजी र शिक्षक तालीम केन्द्रको सङ्ख्या कटौतीपश्चात् आधारभूत तहको शिक्षण सिकाइको अनुगमन तथा मूल्याङ्कन कार्य कमजोर हुँदै गएको छ। तसर्थ स्थानीय तहमा शिक्षक पेशागत सहयोगका लागि एक विज्ञ समूह निर्माण तथा उनीहरूको क्षमता विकास गरी आधारभूत विद्यालयको अनुगमन तथा मूल्याङ्कन सुदृढ गर्ने व्यवस्था गर्नु आवश्यक छ। अर्कोतर्फ सामुदायिक विद्यालयले ६ देखि ८ कक्षा पढाउन स्वीकृत दरबन्दीका विषयगत शिक्षक पाउन नसकेको अवस्था छ। प्राथमिक तहका शिक्षकको भरमा जेनतेन आधारभूत तह सञ्चालन हुँदै आएका छन्। तसर्थ शिक्षक सेवा आयोगले द्रुतगतिमा स्वीकृत दरबन्दी बमोजिमका विषयगत शिक्षकको परिपूर्ति गर्नु आवश्यक छ।

माध्यमिक विद्यालय शिक्षा क्रमशः सरकारी क्षेत्रबाट निजी क्षेत्रतर्फ स्थानान्तरण हुँदै गएको आभास हुन थालेको छ। निजी क्षेत्रमा बालविकासमा ४५, प्राथमिक तहमा ३०, आधारभूत तहमा २७ र माध्यमिक तहमा २३ गरी कुल ३० प्रतिशत विद्यार्थी अध्ययन गरिरहेका छन्। निजी क्षेत्रका संस्थागत विद्यालयमा विद्यार्थी बढ्दै गएको र सामुदायिक विद्यालयमा घट्दै गएका छन्। यसको समाधान गर्न सामुदायिक विद्यालयको व्यवस्थापनमा सुधार ल्याइ संस्थागत विद्यालयका विद्यार्थी सामुदायिक विद्यालयमा फर्कने वातावरणको सिर्जना गर्नु आवश्यक छ। यसका लागि प्रधानाध्यापकलाई व्यवस्थापन तालीम दिन, छोराछोरी सम्बन्धित विद्यालयमा पढाउने अभिभावकलाई मात्र व्यवस्थापन समितिमा बस्न दिने, प्रधानाध्यापक र शिक्षकको मूल्याङ्कन विद्यार्थीको सिकाइ दर र कक्षा १० र १२ को नतीजाका आधारमा गर्ने व्यवस्था गर्नुपर्छ। हुने खानेका छोराछोरी संस्थागतमा र हुँदा खानेका छोराछोरी सामुदायिक विद्यालयमा भन्ने सामाजिक मनोविज्ञानले ठूलो आकार ग्रहण गरेको छ। विद्यालय शिक्षामा धनी र गरीबबीचको खाडल प्रारम्भिक चरणमा छ, यसलाई थप बढ्न नदिई समयमैं समाधान गर्नु नितान्त जरुरी देखिन्छ। अन्यथा देशमा सृजना हुने अवसर संस्थागत विद्यालयका स्नातकले कब्जा गर्दै जाने र सामुदायिक विद्यालयका स्नातकहरू उपेक्षित हुँदै जाने स्थिति सिर्जना भई सामाजिक विद्रोह ननिम्तिएला भन्न सकिन्न। यो अवस्था निम्तिन नदिन सरकारी सेवा सुविधा पाउने कर्मचारी तथा शिक्षक, राजनीतिज्ञ र सेवानिवृत्त राष्ट्रसेवकका बालबच्चासमेतलाई सामुदायिक विद्यालयमा पढाउन प्रोत्साहन गर्नु आवश्यक छ।

विद्यालय शिक्षाले जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तनलाई आत्मसात् गरी विद्यालयका आवश्यकता सम्बन्धमा भौगोलिक नक्शाङ्कन गरी पुनरावलोकन गरेको देखिंदैन। २००७ सालमा राणाशासनको अन्त्यपछि सामुदायिक विद्यालय खुल्ने क्रम बढ्यो र यो क्रम २०४६ को परिवर्तनपछि झन् बढेर गयो। शिक्षा र स्वास्थ्य क्षेत्रमा भएको प्रगतिस्वरूप सामुदायिक विद्यालय स्थापना हुँदा प्रतिमहिला प्रजननदर पाँच बच्चा रहेकामा हाल उक्त दर विस्थापन तह (२.१)भन्दा तल झरिसकेको छ। अर्कोतर्फ नेपालको जनसङ्ख्या हिमाल र पहाडबाट शहर र तराईतर्फ, गाउँका भित्री भागबाट सडकको पहुँच क्षेत्र र शहरी क्षेत्रबाट विकसित देशतर्फ सरिरहेको छ। देशको जनसाङ्ख्यिक संरचनामा तात्त्विक परिवर्तन भएकाले महिलाले कम बच्चा जन्माउन थाले, केही बसाइँ सरेर गए तर विद्यालयको आवश्यकता सम्बन्धमा भौगोलिक नक्शाङ्कन गरी विद्यालयको पुनः वितरण गरिएन र सङ्ख्या यथावत् राखियो। यसले गर्दा केही ठाउँमा विद्यालय र शिक्षक छन् तर विद्यार्थी नहुने अवस्था आयो। त्यसैले भौगोलिक नक्शाङ्कन गरी प्रत्येक विद्यार्थी ३० मिनेटको यात्रामा विद्यालय पुग्न सक्नेगरी विद्यालयको पुनः वितरण तथा समायोजन गर्नु आवश्यक छ।

विषयगत शिक्षकको लामो समयसम्म समायोजन नहुनु, खाली दरबन्दीको पूर्ति समयमैं नहुनु, विषयगत शिक्षक शहरी क्षेत्रमा केन्द्रिकृत हुँदै जानुले गाउँका सामुदायिक विद्यालयमा विद्यार्थी छन् तर शिक्षक छैनन्। शहरका विद्यालयमा पनि शिक्षक छन् तर विद्यार्थी छैनन्को अवस्था सिर्जना भएको छ। शिक्षक समायोजन गर्दा राष्ट्रिय मापदण्ड तय गरी शिक्षक–विद्यार्थी अनुपात मिलाउनुपर्छ। देशको आवश्यकता अनुसार समायोजन गर्दा घरपायक चाहिन्छ भन्ने अडान छाडी शिक्षकले सरकारलाई सहयोग गर्नुपर्छ। अर्कोतर्फ सामुदायिक विद्यालयको माध्यमिक तहमा गणित र विज्ञान विषयको पढाइ क्रमशः खस्कँदै गएको छ। कक्षा ११ र १२ मा अध्ययन गर्ने कुल विद्यार्थीमध्ये १३.६ प्रतिशतले मात्र विज्ञान अध्ययन गरिरहेका छन्। अझ सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीको मात्र गणना गर्दा जम्मा ७.४ प्रतिशतले मात्र विज्ञान अध्ययन गरेको देखिन्छ। माविको प्राविधिक धारतर्फ जम्मा ६.९ प्रतिशत विद्यार्थी मात्र अध्ययनरत छन्। यस समस्याको समाधान गर्न कम्तीमा ५० प्रतिशत सामुदायिक माविमा ११ र १२ मा विज्ञान विषय पढाउने दीर्घकालीन लक्ष्य तय गरी काम प्रारम्भ गर्नुपर्छ। यसका लागि प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा कम्तीमा क्रमशः एक, दुई, तीन र चार सामुदायिक माविमा विज्ञान विषयको पढाइ विस्तार गर्नुपर्छ। विज्ञान प्रयोगशाला, विषयगत शिक्षक, सन्दर्भ सामग्री र पाठ्यपुस्तक आदिको पनि सँगसँगै व्यवस्था गर्नुपर्छ।

कक्षा १२ पास गरेपछि विदेश पढ्न जाने प्रवृत्ति बढ्दै गएको छ। विद्यालय शिक्षामा उद्यमशीलतासम्बन्धी पढाइ र सीप सिकाइको व्यवस्था नहुँदा शैक्षिक संस्थाका स्नातकले आफैं अवसरको खोजी गर्ने र स्वउद्यम सञ्चालन गर्ने सोचको राम्रो विकास हुन नसकेको अवस्था छ। उनीहरूमा देशका महाविद्यालयमा अध्ययन गर्नुभन्दा विदेश गएर पढ्दै कमाउँदैको प्रवृत्ति बढ्दै गएको छ। तसर्थ नेपालको विद्यालय शिक्षामा कक्षा ८ देखि नै उद्यमशीलता विकास र सीप विकाससम्बन्धी पढाइ थप गर्ने व्यवस्था गर्नु आवश्यक छ। यस किसिमको शिक्षाका लागि शुक्रवारलाई छुट्याई त्यस दिन पाठ्यक्रमका विषयवस्तु नपढाइ आयआर्जन हुने सीप सिकाउने व्यवस्था गर्नु आवश्यक छ।

नेपालको शिक्षा क्षेत्रमा निजी लगानी २०४६ सालपछि ह्वात्तै बढेर गयो। निजी विद्यालय खुकुलो सरकारी नियमनमा फस्टाइरहेका छन् र यिनीहरूले लगाएको चर्को मासिक शुल्कले निजी विद्यालयमा बालबच्चा पढाउने मध्यम आय भएका परिवारले खर्च जुटाउन सकस भोगिरहेका छन्। सीमान्तकृत र गरीब परिवारका बालबालिका निजी विद्यालयमा अध्ययन गर्न नसक्ने हुँदा गरीब र धनीबीचको वर्गीय विभाजन विद्यालय तहबाटै मौलाउँदै गएको छ। बिहानै घरबाट बसमा उठाउने, शहरका विभिन्न भाग घुमाउँदै विद्यालय पुऱ्याउने र बेलुका उसैगरी घर फर्काउने गरिएकोले विद्यार्थीमा थकान बढ्ने सम्भावना रहेकोले यसबाट सिर्जनशीलतामा ह्रास आउने देखिन्छ।

संस्थागत विद्यालय तहको समग्र शिक्षाको झुकाव देशमा उद्यम व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्नुको सट्टा विदेशी विश्वविद्यालयमा अध्ययनका लागि प्रोत्साहन गर्नेतर्फ अग्रसर रहेको देखिन्छ। संस्थागत विद्यालय शिक्षाका समस्या समाधान गर्न सरकारी नियमन कडा गर्ने, मासिक शुल्कको अधिकतम र न्यूनतम सिलिङ वार्षिकरूपमा सरकारले तोक्ने गर्नुपर्छ। संस्थागत विद्यालयले दिने १० प्रतिशत छात्रवृत्तिमा पढ्ने विद्यार्थीको छनोट पारदर्शीरूपमा गरिनुपर्छ। यसका लागि विद्यालयको प्रभाव क्षेत्रका गरीब र सीमान्तकृत विद्यार्थीबीच प्रतिस्पर्धा गराउनु उपयुक्त देखिन्छ। निजी क्षेत्रका विद्यार्थीलाई उद्यमशील विषयमा थप अध्ययन गर्न लगाइ विदेश जान प्रोत्साहन गर्नुको सट्टा देशमैं स्वउद्यम सञ्चालनका लागि प्रोत्साहन गर्न सके विद्यालय शिक्षाका धेरै समस्या समाधान हुन सक्छन्।

## प्रेसर कुकर बम निष्क्रिय

भैरहवा (रूपन्देही), ५ पुस/रासस

भैरहवास्थित युनिभर्सल कलेज अफ मेडिकल साइन्सेजमा फेला परेको प्रेसर कुकर बमलाई नेपाली सेनाले निष्क्रिय गरेको छ।

मेडिकल कलेजको मालीले रूख काटिरहेको अवस्थामा बिहान करीब १०:३० बजे पुरानो प्रेसरकुकर बम फेला परेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीले जानकारी दिए। "बम पुरानो खिया लागेको अवस्थामा थियो, नेपाली सेनाले निष्क्रिय गरेको छ," प्रनाउ कार्कीले भने, "कसले र कहिले राख्यो यो विषयमा केही खुलेको छैन, अनुसन्धानको क्रममैं रहेका छौं।"

प्रेसर कुकरको ह्यान्डललाई डोरीले बाँधेर त्यसमा घडी ब्याट्रीलगायतका उपकरण जडान गरिएको थियो। ब्यागमा राखेको अवस्थामा कुकर बम फेला परेपछि मेडिकल कलेजले जिल्ला प्रशासन कार्यालयलाई खबर गरेको थियो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# वाटिका

२०८१ पुस ०६ गते शनिवार | प्रतीक | 2024 December 21 Saturday



## देउतातुल्य देखिन्छन् शान्तदास


स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com


**१. विषय प्रवेश**

ज्ञानगुनका कुरा पत्रिका नै नभए पनि सम्भवतः नियमित प्रकाशन हो। नियमित वा अनियमित हुन सक्छ तर निरन्तरको प्रकाशन हो। ३८ वर्षदेखि नेपाली वाङ्मयको सेवामा समर्पित भनिएको 'ज्ञानगुनका कुरा'को २३२औं भाग 'शान्तदास मानन्धर स्मृति अङ्क १' को रूपमा प्रकाशित छ। यसका प्रधानसम्पादक हुन्, शेषराज शिवाकोटी। यसको प्रकाशन गरेको छ, 'ज्ञानगुन प्रकाशन'ले। यस प्रकाशनले विभिन्न कृतिहरू प्रकाशित गर्दै आएको छ। मुख्यतः प्रगतिशील कृति प्रकाशनमा ज्ञानगुन प्रकाशनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। शान्तदास मानन्धरको देहावसान भएपछि उनीसित सम्बन्धित भएर लेखिएका स्मृतिहरूको सँगालोको रूपमा प्रकाशित पुस्तिकाको चर्चा गर्दै तिनीहरूकै आधारमा उनलाई चिनाउने प्रयास गरिएको छ।


**२. शान्तदास मानन्धरको विषयमा**

विसं १९९१ जेठको दशमी तिथिमा काठमाडौंको झोंछेमा चिनियाँ मानन्धर (नेमनारायण मानन्धर) र मथुरी मानन्धरको सन्तानको रूपमा शान्तदास मानन्धरको जन्म भएको थियो। विचारक, लेखक तथा सम्पादक शान्तदास मानन्धरको विषयमा नौजना चर्चित लेखकले उनको व्यक्तिगत, लेखकीय तथा सम्पादकीय व्यक्तित्व र योगदानका बारेमा आआफ्नो अभिमत प्रकट गरेका छन्।

प्रसिद्ध प्रगतिवादी साहित्यकार खगेन्द्र सङ्ग्रौलाको पहिलो रचना रहेको छ, 'उपेक्षित शान्तदास'। सङ्ग्रौला शान्तदासका प्रशंसक हुन्। करीब ५५ वर्षसम्म शान्तदास र सङ्ग्रौलाको उठबस रहेको छ। सङ्ग्रौलाले शान्तदासलाई नेपाली साहित्य, मुख्यगरी बालसाहित्य, अझ प्रगतिशील साहित्य तथा राजनीति क्षेत्रका इमानदार हस्ताक्षरको रूपमा परिचित गराएका छन्। उनकै कारणले आफू पनि बालसाहित्यको क्षेत्रमा कलम चलाएको स्वीकार गर्ने सङ्ग्रौलाको दृष्टिमा शान्तदास अतिगोप्यवादी थिए। शान्तदासले देखेको सुन्दर सपना कहिल्यै नमर्ने विचार सङ्ग्रौलाले व्यक्त गरेका छन्।

२०२०/२१ देखि शान्तदाससित सम्बन्ध भएका शेषमणि आचार्य शीर्षकमैं यसरी लेख्छन्, 'संस्मृति–सतिसाल : शान्तदास दाइ'। दाइ भनेर सम्बोधन गर्ने गरेको बताउने आचार्यले श्यामप्रसाद शर्मा जस्तै उनलाई पनि मानेको स्वीकार गर्छन्। लुसुनका विचार तथा साहित्यको प्रशंसक शान्तदासको सङ्गतमा लागेपछि विभिन्न विद्वान्हरूसित भेट्ने, चिनजान गर्ने तथा विचार आदानप्रदान गर्ने अवसर प्राप्त भएको उल्लेख गरेका छन्। नेपाली राजनीतिका कतिपय कालखण्ड तथा विशिष्ट घटनाबारे दृष्टिकोण बनाउन पनि उनले सहयोग गरेको बताउँदै आचार्यले शान्तदासको साहित्यिक अभिरुचि तथा योगदानको पनि खुलेर प्रशंसा गरेका छन्।

नेपाली बालसाहित्यका एक सम्मानित व्यक्तित्व प्रमोद प्रधान लेख्छन्, 'बालसाहित्य रत्न शान्तदास'। बालसाहित्य सिर्जना, सम्पादन तथा प्रकाशन र वितरणको क्षेत्रमा दुई दशकभन्दा बढी समय निरन्तर सक्रिय शान्तदास कृतिहरू उल्लेख गर्दै प्रधानले उनका केही बालकथाको विश्लेषण पनि गरेका छन्। नेपाली बालसाहित्यको इतिहासमा प्रथम चित्रकथाको पुस्तक मानन्धरकै रहेको प्रधानले उल्लेख गरेका छन्। प्रधानले आफ्नो पहलमा नेपाल बालसाहित्य समाजबाट शान्तदासलाई उनको योगदानको सम्मान गर्दै 'बालसाहित्य रत्न' उपाधिले विभूषित गरेको उल्लेख गरेका छन्। शान्तदासका योगदान अविस्मरणीय रहेको साहित्यकार प्रधानको ठम्याइ छ।




सङ्कलनभित्र सबैभन्दा लामो आलेख डा मुकेश चालिसेको छ, 'निरन्तर जिउँदो चेत भएका शान्तदास'। डा चालिसे जीव वैज्ञानिक हुन् र हुन् सिद्धहस्त लेखक पनि। विसं २०२७ मा बर्दियाबाट अध्ययनको लागि काठमाडौं पुगेका डा चालिसे विद्यालय जीवनदेखि नै शान्तदासतिर आकर्षित भएका थिए। विद्यार्थी जीवनमा नै वामपन्थी विचारप्रति आकर्षित भएर भूमिगत जस्तै रहेर काम गर्दै डा चालिसेले अध्ययन तथा जीवनवृत्तिलाई अगाडि बढाए। विश्वविद्यालयमा अध्यापन गराउँदाको अवस्थामा पनि शान्तदासको सान्निध्यमा रहेका डा चालिसे र शान्तदासबीच देशको राजनीतिका साथै विदेशको राजनीति र देशमा पर्ने प्रभावका विभिन्न आयामको विषयमा निरन्तर छलफल भइरहयो। शान्तदासको भौतिक जीवनको अन्तिम क्षणसम्म पनि घनिष्ठ र अन्तरङ्ग तथा पारिवारिकरूपमा निकट रहेर डा चालिसेलाई बुझिरहे, सहयोग गरिरहे। शान्तदासलाई सच्चा नेपाली र कर्मशील तथा इमानले नै चेतनशील नागरिकको पहिचान गराउँछन्, डा चालिसे। यस आलेखले शान्तदासप्रति उच्च श्रद्धा र गर्वको बोध गराएको छ।

मूर्तिकार रामकृष्ण भण्डारी 'शान्तदास काकालाई सम्झँदा' शीर्षकमा उच्च सम्मान गर्छन्। अत्यन्त चर्चित जनपक्षीय मूर्तिकार कुलमानसिंह भण्डारीका पुत्र रामकृष्ण भण्डारीले शान्तदासबाट पाएको सल्लाह, सहयोग तथा प्रशंसाले आफूलाई योग्य बन्न सकारात्मक ऊर्जा प्रदान गरेको स्वीकार गरेका छन्। शान्तदासले आफ्ना चित्र प्रकाशन गर्ने गरेको बताउँदै उनी भन्छन्, "मलाई हरबखत प्रेमपूर्ण व्यवहार गरी सरसहयोग गरी अघि बढ्न दिशानिर्देश गर्नुहुने मेरा आदरणीय काका ...। अहिले म आफूलाई साँच्ची नै टुहुरो भएको महसूस गरिरहेको छु।"

'डा अरुण सायमीको स्मृतिमा शान्तदास मानन्धर' शीर्षकमा रामकृष्ण डङ्गोलले प्रस्तुत गर्नुभएको लेख निकै घतलाग्दो छ। यस आलेखले नै शान्तदासलाई सामान्य मानिसभन्दा निकै माथि सोच राख्ने देउतासमान व्यक्तित्वको परिचय बनाएको छ। हुनत डा मुकेश चालिसेले पनि शान्तदासलाई मनमोहन अधिकारी प्रधानमन्त्री भएको बेला सहयोगको लागि प्रस्ताव आएको तर अस्वीकार गरेको कुरा उल्लेख गरेका छन् तर "यस्ता पनि नेपाली हुँदा रहेछन् : शान्तदास मानन्धर" शीर्षकमा डा अरुण सायमीले लेखेको लेखलाई प्रस्तुत गरिएको छ यसमा। डा सायमीसित तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले प्रस्ताव गर्नुभएको थियो शान्तदासको उपचारको लागि। प्रधानमन्त्रीका निजी चिकित्सक डा सायमीले मौका मिलाएर प्रधानमन्त्रीको प्रस्ताव शान्तदासका अगाडि राखेछन् तर शान्तदासले आफूले सरकारी खर्चमा विदेशमा उपचार नगराउने बरु सरकारले गरीब जनताको लागि राम्रो काम गरिरहेको भन्दै उक्त राम्रो कामको लागि आफ्नोतर्फबाट सहयोग भएको बताएको उल्लेख गरेका छन्। यसैगरी सबै नेपालीको मुटुको उपचार गर्ने निर्णय सरकारले गर्छ भने आफूलाई स्वीकार भएको तर आफ्नोलागि मात्र त्यस्तो निर्णय उचित नभएको शान्तदासले बताएको भनिएको छ। पैतृक सम्पत्ति बेचेर आफ्नो उपचार गराउने तर सरकारले प्रस्ताव गरी दिन खोजेको सहयोग अस्वीकार गर्ने स्वाभिमानी तथा राष्ट्रवादी शान्तदासको व्यक्तित्व भएको बताइएको छ। डा सायमीले 'मेरो जीवनकथा'मा उक्त कुरा उल्लेख गरेको डङ्गोलले सन्दर्भ दिएका छन्। तत्कालीन एमाले नेता केशव बडालले पनि फोन गरी सरकारको तर्फबाट शान्तदासलाई मुटुको उपचारको लागि सहयोगको प्रस्ताव गरेको तर फोनमैं अद्वितीय तर्क दिँदै अस्वीकार गरेको उल्लेख गरिएको छ।

'स्मृतिमा शान्तदास मानन्धर' शीर्षकमा सुशीला शर्मा, 'मेरो आदरणीय अभिभावक : शान्तदास मानन्धर' शीर्षकमा उजला मानन्धर र 'स्मृतिमा शान्तदास बुबा' शीर्षकमा नानीमैयाँ अधिकारीले साहित्यकार, दार्शनिक, विचारक, बालसाहित्यकार तथा राष्ट्रवादी व्यक्तित्व शान्तदास मानन्धरप्रति उच्च श्रद्धा व्यक्त गर्दै उनीसित सम्बन्धित भावना पोखेका छन्। शान्तदाससितको निकटता तथा तिनको योगदान र आफूमाथि परेको प्रभावको विश्लेषण गरिएका यी लेखहरूमध्ये नानीमैयाँ अधिकारीले शान्तदास मानन्धरबाट जीवनका तीन क्षेत्रमा प्रेरणा लिनुपर्ने विचार प्रस्तुत गरेकी छन्।

**निष्कर्ष**

९० वर्ष भौतिक जीवन बाँचेका शान्तदास मानन्धरको बारेमा लेखिएका फुटकर आलेखहरूको यस सङ्कलनले उनको बारेमा अझ जान्ने जिज्ञासा उत्पन्न गरेको छ। साहित्यका विभिन्न विधामा कलम चलाएका शान्तदासका करीब डेढ दर्जन कृति प्रकाशित छन्। उनले अनुवाद गरेको 'गुलिवरको लिलिपुट यात्रा' र लेखेको 'चार डाला नाक' नेपाली बालसाहित्यका अजरअमर कृतिहरू हुन्। सादा जीवन र उच्च विचारका स्वाभिमानी व्यक्तित्व मानन्धरको समग्र जीवनी प्रकाशित हुनुपर्छ। उनको व्यक्तित्व र कृतित्वलाई समग्रमा समेट्नेगरी दुई प्रकारका कृति प्रकाशन हुनुपर्ने देखिन्छ। पहिलो कृति जीवनी र व्यक्तित्व तथा

(बाँकी चौथो पातामा)

## सङ्गीतप्रेमी वैज्ञानिक: अल्बर्ट आइन्स्टाइन




राजेशमान के.सी


वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको जन्म सन् १८७९ मार्च १४ तारिखका दिन जर्मनीको प्रसिद्ध शहर 'उल्म' भन्ने ठाउँमा भएको थियो। उनका पिता हरमन आइन्स्टाइन र माता पाउलिन 'जुइस' थिए। सन् १८८५ मा आइन्स्टाइनको परिवार जर्मनीको म्युनिख शहरतर्फ बसाइँ सर्न पुग्यो, जहाँ आइन्स्टाइनका पिताले आफ्नो जीवन निर्वाहका क्रममा एउटा सानो विद्युत् यन्त्रसम्बन्धी व्यवसाय शुरू गरेका थिए। तर त्यो व्यवसाय आर्थिक अभावका कारण सफल हुन सकेन। आइन्स्टाइनको बाल्यकाल पनि आर्थिक अभावमा बित्यो। उनले तीन वर्षको उमेरसम्म बोल्न नसकेपछि कतै उनी आजीवन अपाङ्ग त हुने होइन भन्ने कुराले उनका माता–पिता पिरोलिने गर्थे। जन्मँदा उनको टाउको सामान्यभन्दा केही ठूलो थियो तर पछि शारीरिक विकाससँगै सामान्य देखिन थाल्यो।

आइन्स्टाइन छ वर्षको उमेर हुँदा उनका पिताले उनलाई एउटा साधारण विद्यालयमा भर्ना गरिदिएका थिए। विद्यालयमा आइन्स्टाइनको स्वभाव अरू विद्यार्थीभन्दा फरक थियो। उनी कम बोल्ने, शान्त स्वभावका र एकान्तप्रेमी थिए। विद्यालयका शिक्षकशिक्षिकाहरूले उनलाई मूर्ख एवं मन्दबुद्धिको ठहऱ्याउने गर्थे। कक्षामा पनि प्रायःजसो सजाय दिइने हुँदा बिचरा फुच्चे आइन्स्टाइन घर फर्कंदा जहिले पनि निन्याउरो अनुहार लगाएर फर्कने गर्थे। आइन्स्टाइनले कुन र कस्तो किसिमको व्यवसाय अनुसरण गरे सफल हुन सक्लान् भनी उनी अध्ययनरत विद्यालयको प्रधानाध्यापकलाई प्रश्न गर्दा उनको जवाफ हुने गर्थ्यो– "यसले जुन व्यवसाय शुरू गरोस्, केही फरक पर्नेवाला छैन। किनकि यो कुनै पनि क्षेत्रमा सफल हुँदै हुँदैन।" वैज्ञानिक आइन्स्टाइनलाई बाल्यकालदेखि नै सङ्गीतप्रति भने खास रुचि थियो। उनकी आफ्नै आमा पनि सङ्गीतमा दख्खल भएको र पारिवारिक वातावरण पनि सङ्गीतमय हुँदा उनले छ वर्षको उमेरदेखि नै आफ्नी आमा पाउलिनसित भायोलिन सिक्न थालेका थिए। त्यसैले उनले कुनै औपचारिक कार्यक्रममा आफ्नो अभिव्यक्ति दिने सन्दर्भमा "यदि म वैज्ञानिक नभएको भए सङ्गीतकार हुने थिएँ," भनेर भनेका पनि छन्।



आफ्नो विद्यालय अध्ययन पूरा गरेपछि उनी प्राविधिक शिक्षा हासिल गर्ने क्रममा स्वीट्जरल्यान्डको ज्युरिचस्थित प्राविधिक विद्यालयमा अध्ययन गर्न पुगे। जहाँबाट उनले सन् १९०१ मा स्नातक उपाधि हासिल गरेका थिए।

उक्त प्राविधिक शिक्षण संस्थामा अध्ययनरत रहँदा नै उनले आफूभन्दा तीन वर्ष जेठी मिलेभा मारिक नामकी युवतीसँग प्रेममा परेका थिए। पेशाले उनी गणितज्ञ थिइन्। सन् १९०३ मा आएर उनीहरू वैवाहिक बन्धनमा बाँधिए। सन् १९०४ मा उनीहरूको प्रथम पुत्र स्वरूप हान्स अलबर्ट आइन्स्टाइन र त्यसपछि सन् १९१० मा दोस्रो पुत्र एडुवार्ड आइन्स्टाइनको जन्म भएको थियो। तर आफ्नो कार्यमैं अधिकतम तल्लीन रहने कारणले गर्दा आइन्स्टाइनको दाम्पत्य जीवनमा कटुता उत्पन्न हुन थाल्यो। अन्त्यमा सन् १९१९ मा उनीहरूबीच सम्बन्धविच्छेद हुन पुग्यो। आफ्नी प्रथम पत्नीसँग सम्बन्धविच्छेद भएपछि आइन्स्टाइनले आफ्नै मामाकी छोरी एल्सासँग दोस्रो विवाह गरेका थिए।

सन् १९०१ मा स्नातक उपाधि हासिल गरेपछि आइन्स्टाइन स्वीट्जरल्यान्डको नागरिक बन्न पुगेका थिए। धेरै प्रयासपछि अन्त्यमा उनले एउटा विद्यालयमा बिरामी भएर बिदामा बसेका एकजना शिक्षकको रिक्त स्थानमा केही समयसम्मका लागि भनी पढाउने अस्थायी शिक्षकको काम पाएका थिए। तर केही समयपश्चात् बिदामा बसेका ती शिक्षक आफ्नो काममा फर्केपछि उनले तुरुन्तै त्यो नोकरी छाड्नुपरेको थियो। यसरी रोजगार नपाएर अप्ठ्यारोमा परिरहेको बेला उनका एकजना हितैषी मित्रले आफ्नो प्रभावशाली पिताको सहयोगबाट उनलाई सन् १९०२ मा स्वीट्जरल्यान्डकै बर्न शहरमा एउटा पेटेन्ट अफिसमा प्राविधिक सहायकको नोकरी उपलब्ध गराइदिए।

स्वीट्जरल्यान्डकै बर्न शहरको पेटेन्ट अफिसमैं कार्यरत रहँदा आइन्स्टाइन २६ वर्षको उमेरमा "सापेक्षतावादको सिद्धान्त" विषयक शोधपत्र प्रकाशित गर्न सफल भएका थिए। जुन सिद्धान्तबाटै हालको प्रख्यात सूत्र $E=mc^2$ पत्ता लागेको थियो। जसलाई शक्ति सञ्चितिको सिद्धान्त पनि भनिन्छ। $E=mc^2$ सूत्रबाटै आइन्स्टाइनले सैद्धान्तिकरूपमा पिण्डलाई शक्तिमा रूपान्तरण गर्न सकिन्छ भनेर प्रमाणित गरेका थिए। कालान्तरमा आइन्स्टाइनको यसै सापेक्षतावादको सिद्धान्तले विश्वव्यापी प्रशंसा पायो र उनी विश्वप्रसिद्ध हुन पुगे। आफ्ना यिनै आविष्कारका कारण उनलाई युरोपका कतिपय विश्वविद्यालयहरूमा विभिन्न प्राज्ञिक पदमा रही सेवा गर्नसमेत आमन्त्रित गरिएको थियो। यहाँसम्म कि जर्मनीस्थित बर्लिनको "कोराजन विलहेल्म फिजिक्स इन्स्टिच्युट"मा त उनको लागि निर्देशकको पदसमेत सिर्जना गरिएको थियो। पछि उनैद्वारा प्रतिपादित "फोटो इलेक्ट्रिक प्रभाव" सिद्धान्तका लागि उनलाई सन् १९२१ को भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार पनि प्राप्त गरेका थिए।

त्यसपछि सन् १९०९ मा ज्युरिच विश्वविद्यालयमा प्राध्यापक बन्नको लागि आइन्स्टाइनले पेटेन्ट अफिस छाडिदिए। त्यसको केही वर्षपछि सन् १९१३ मा उनी बर्लिनको नयाँ "कोराजन विलहेल्म फिजिक्स इन्स्टिच्युट" नामक एक प्रतिष्ठित संस्थामा पहिलो निर्देशक बन्न पुगे। आइन्स्टाइन सन् १९१४ देखि सन् १९३३ सम्म बर्लिन विश्वविद्यालयमैं भौतिकशास्त्रका प्राध्यापकको हैसियतले कार्यरत रहे। यसै क्रममा उनले सन् १९२० मा युरोप, अमेरिकालगायत अन्य पश्चिमेली मुलुकहरूमा प्रवचन पनि दिएका थिए। आइन्स्टाइन आफ्नो जीवनको अन्तिम समयमा आएर संयुक्त राज्य अमेरिकाको प्रिन्सटन विश्वविद्यालयमा काम गर्न थाले। प्रिन्सटनमा नै उनकी दोस्री पत्नी एल्साको पनि सन् १९३६ मा मृत्यु भएको थियो।


सन् १९५२ तिरको कुरा हो, आइन्स्टाइनलाई इजरायलको दोस्रो राष्ट्रपति बन्नको लागि समेत प्रस्ताव आएको थियो। तर उनले यस प्रस्तावलाई स्वीकार गरेनन्। बरु यसको सट्टा उनले आफ्नो जीवनको अन्तिम घडीसम्म आफ्नो "एकीकृत क्षेत्र सिद्धान्त" (United Field Theory) को अनुसन्धानमा लागिरहने दृढ अठोट गरे। यो एक त्यस्तो सिद्धान्त हो, जसले सबै भौतिक विषयको व्याख्या गर्थ्यो। दुःखको कुरा यस सिद्धान्तलाई पूरा गर्न नपाउँदै सन् १९५५ को अप्रिल १८ तारिखका दिन अमेरिकाको न्यूजर्सी राज्यस्थित प्रिन्सटनमा उनको दुःखद निधन भयो।

स्मरण रहोस्, आइन्स्टाइनको मस्तिष्कलाई उनको मृत्यु भएको ३० वर्षपछिसम्म पनि सुरक्षित राखिएको थियो। उनको मृत्युपश्चात् उनको मस्तिष्कको अध्ययन गर्ने न्यूरो सर्जकले उनको मस्तिष्कमा सामान्य मानिसको भन्दा ७३ प्रतिशत Neuron कोषहरू अधिक रहेको तथ्य पत्ता लगाएका थिए।


kcrm70@yahoo.com

लेखक नास्टका सेवानिवृत्त वरिष्ठ प्रवर्द्धन अधिकृत हुन्। साभारः विज्ञान लेखमाला


### गजल

होमशङ्कर बाँस्तोला

पुरस्कार/सम्मान: जनान्दोलन घाइते सम्मान (नेपाल सरकार) २०६३, भानुभक्त काव्य पुरस्कार, २०७१, यज्ञराज घले संस्था पुरस्कार, २०७४, प्रेस काउन्सिल साहित्यक पत्रकारिता पुरस्कार, २०७६


तिमीसँग एकैछिन भेट्न बाँकी छ
भित्री पीडा खुल्दुली मेट्न बाँकी छ

सिध्याउन खोज्दै रै'छौ कर्द उदचाएर
घाँटीमाथि धार राखी रेट्न बाँकी छ

तारा झार्छु भनेकै हो माया पोख्न खोज्दा
के नै गर्छौ हेरौंला है देख्न बाँकी छ

झुक्किएर आएँ होला तिम्रै गाउँघर
मेरै भनी आँगनमा टेक्न बाँकी छ

साथ मैले दिएकै छु मुटु जुटेपछि
जिन्दगीभर मायाले सेक्न बाँकी छ

# भोक

"हजुर, त्यो नफालौं, भोको छु। काम गर्न सक्दिनँ। पेट बाउडिएको छ। हिंड्डुल गर्न अशक्त छु," कन्टेनरनजीकै बोरा ओडेर बसेको माग्ने युवक चिच्यायो।

(लघुकथा)

नवराज रिजाल
सम्पर्क : ९८५११३८६२४
पेशा : प्राध्यापन/पत्रकारिता

ऊ असमञ्जमा पऱ्यो। के गर्ने ? हातमा हिजो बेलुका बढी भएको छ। केटाकेटीले छाडेको र बढी भएको खानेकुरा उनीहरू टमीलाई पनि दिंदैनन्।

"कल्याण हुनेछ, वैकुण्ठमा बास ... " ऊ झस्क्यो, आँखामा आँसु डबडबाए। मौन भाषामा केही गुनुनाएको अनुभूत गऱ्यो। अश्रुपूरित नयन हातको खानेकुरामा टक्क अडिए। सम्भवत: यतिखेर उसको गन्तव्य त्यत्ति हो।

सोच समुद्रमा चुर्लुम्म डुब्छ। जहिले पनि खाना मीठो हुँदैन। स्वास्नी चिच्याउँदै कराउँछे। भान्से केटाको अनुहार हरेक साँझ–बिहान औंसीको रात बन्छ। रिस छोराछोरी, ऊ र बुबा–आमामा पोखिन्छ। त्यतिखेर चुपचाप बस्नुमैं कल्याण भएकाले आत्मसात् गर्छ। पहाडको सामान्य निम्न मध्यम वर्गीय परिवारमा दु:खैले शिक्षा आर्जन गऱ्यो, मेहनतको फल मीठो भयो। कलेजमा सर्वोत्कृष्ट छानियो। विदेश जाने अवसर मिल्यो। त्यहाँबाट फर्कने बित्तिकै विवाह भयो।

"हजुर पाउँ न, के सोचिरहनुभएको ? प्राण बच्छ। आत्माले आशीर्वाद दिनेछ," ऊ झल्याँस्स भयो। माग्नेको हात अझै ऊतिरै उठिरहेको छ। कन्टेनरमा फाल्न लागेको खानाको पोको हातमा राखिदिन्छ। माग्नेको अनुहार धपक्क बल्यो तर उसका आँखामा स्वास्नीको तस्वीर नाचिरह्यो।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा


हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

ओशो भन्नुहुन्छ– ध्यानका चार सिंढी छन्। ध्यान यानी साक्षी भाव, द्रष्टा भाव यानी परबाट यसरी हेर्नु जस्तो कुनै अरू मानिसको जीवनमा केही भइरहेको छ र म केवल उसको द्रष्टा हुँ, अब्जर्भर हुँ। ध्यानको पहिलो सिंढी यो हो कि आफ्नो शरीरका क्रियाहरूप्रतिको सजगता। उठ्दा, बस्दा, घुमफिर गर्दा, खाना खाँदा, नुहाउँदा यसरी हेरौं कि कार्य आफू स्वयंले नभई अरूले गरिरहेको छ र म उसलाई हेर्नेवाला द्रष्टा हुँ।

जब यसमा सफलता हासिल हुन्छ, तब हामी दोस्रो सिंढीमा पुग्छौं र आफ्नो मानसिक गतिविधिहरूलाई परैबाट हेर्न सक्छौं। सोच्नु, विचार गर्नु, याद गर्नु, कल्पना गर्नु, योजना बनाउनु यी मनका क्रियाहरू हुन्। बिस्तारै–बिस्तारै यिनीहरूबाट एउटा दूरी पैदा हुन्छ र यस्तो लाग्छ कि विचार कहीं अन्तै चलिरहेको छ। जस्तो म पर्दामा चलिरहेको फिल्म हेरिरहेको छु। म पर बसेर हेरिरहेको दर्शक हुँ। म त्यो फिल्मको कथाको पात्र हुइनँ, म त्यसमा सामेल छुइनँ। तब मलाई द्रष्टाभावको बहुत गहिराइ प्राप्त हुन्छ।

तेस्रो सिंढीमा आउँछ, आफ्नो हृदयको भावनाहरूप्रतिको सजगता। यो बहुतै सूक्ष्म कुरा हो, विचारभन्दा धेरै सूक्ष्म। विचारलाई समात्न सजिलो छ, भावनाहरू त बिल्कुल अदृश्य जस्तै छन्। यी भावनाहरू यस्ता छन् कि अचानक आउँछन् र हामीलाई प्रभावित गर्छन्। अक्सर यिनीहरूलाई हामी तब मात्र थाहा पाउँछौं, जब यिनीहरू आएर गइसकेका हुन्छन्। जस्तो मलाई क्रोध आउँछ, तर मलाई थाहा नै हुँदैन कि म कतिबेला क्रोधित भएँ। जब क्रोधको ज्वरो घटिसक्छ, तब मात्र मलाई महसूस हुन्छ कि मलाई क्रोध आएको थियो। तब म पछुताउँछु, क्रोधमा मलाई के के भयो ? मैले कसकसलाई के के भने ? के के गरें ?

यदि मैले सजग हुन शुरू गरें भने म पहिले शरीरका क्रियाहरूप्रति सजग हुन्छु, त्यसपछि मनप्रति सजग हुन्छु, त्यसपछि भावनाहरूप्रति पनि सजग हुन सक्छु। यदि म तेस्रो सिंढीप्रति सजग हुन सकें भने चौथो सिंढी अथवा ध्यानको अन्तिम सिंढी जहाँ न कुनै शारीरिक क्रियाहरू छन्, न कुनै मासिक गतिविधिहरू छन्, न कुनै भावनात्मक उथलपुथल छन्, त्यहाँ त साक्षी चैतन्य बस स्वयंप्रति जागृत छ, त्यसको अनुभवमा पनि उत्रन सक्छु। यो ध्यानको चौथो तथा अन्तिम सिंढी हो।

अब मलाई स्वबोध, आत्मरमणको अवस्था प्राप्त भयो। अब मेरोअगाडि कुनै दृश्य छैन, द्रष्टा मात्र बाँकी छ। अब म यसलाई द्रष्टा पनि कसरी भनौं ? द्रष्टा त तब हुन्छ, जब सामुन्नेमा कुनै दृश्य हुन्छ। ज्ञाता त तब हुन्छ, जब कुनै ज्ञेय हुन्छ। अब त म स्वयम् मात्र बाँकी छु। अब न कुनै दृश्य छ, न कुनै द्रष्टा छ। स्वामी विवेकानन्दका गुरु जे कृष्णमूर्ति यसको लागि भन्ने गर्नुहुन्थ्यो– ज्ञाता र ज्ञेय एउटै भए। अद्वेतको प्रतीती नै आत्मज्ञानको अनुभव हो। यसरी हामी ध्यानलाई चार सिंढीको रूपमा परिभाषित गर्न सक्छौं।

भन्नका लागि भनिन्छ, जाग्रत, स्वप्न, सुषुप्ति र तुरीय गरी चेतनाका चार अवस्था हुन्छन्। तर यी चार अवस्था हुँदैनन् बरु तीन अवस्था हुन्छन्। जाग्रत, स्वप्न, सुषुप्ति अवस्थालाई मात्र हाम्रा सन्त तथा ऋषिहरूले नाम दिएको पाइन्छ। तर चौथो अवस्थाको लागि कुनै नाम दिएको पाइँदैन। तुरीयको मतलव नै हुन्छ चौथो। क्रमश:

# साइनो

कविता

डा छायादत्त न्यौपाने 'बगर'
सम्पर्क: ९८५११५७१९३
पेशा: लेखन, सम्पादन तथा प्राध्यापन

आफ्नैले झोस्छन् आगो
आफ्नैले ठोक्छन् टाउको
आफ्नैले गर्छन् सेकताप ?

भेटिएन इमानी
विदेशियो उत्साह नि
चुलिंदै यहाँ बेइमानी ?

सर्वत्र भो बेथिति
बल्झे किसानका घाउ
दण्डहीन शासनशैली !!

तीव्र भो महामारी
हाँगा हाल्दै छ गरीबी
किन अटेरी जनमत ?


मडारिंदै बादल
अन्योलपूर्ण भविष्य
ढलिमलीमा सरकार ?

धमिलो छ आकाश
तुवाँलाका मुस्लाहरू
भीरको फर्सी हो जीवन ?

त्याग नचिन्ने नेता
कर्तव्य नचिन्ने पद
चुनौती नचिन्ने विवेकी ?

श्रमको फल मीठो
कर्म गरे धर्म बाँच्छ
मौका आउँछ पर्खंदैन।

# दिमाग भुट्ने काका

कथा

विश्वराज अधिकारी
akoutilya@gmail.com

"मेरो कथा पनि अचम्मको छ। मानिस विदेशमा आएर रमाएर बस्छन्। मलाई विदेशको बास पटक्कै मन परेको छैन। म अमेरिका आएको २० वर्ष भयो तर यो २० वर्षमा म कहिले पनि यहाँ रमाउन सकिनँ। हरेक दिन मात्र होइन, हरेक पल आजै नेपाल फर्किन पाए हुन्थ्यो जस्तो सोच आइरहन्छ। यति साधनसम्पन्न, सुविधायुक्त जीवन पाएर पनि किन विदेशमा म रमाउन नसके होला ?"

मेरो यो भनाइमा थप्दै काकाले भन्नुभयो, "तपाईंलाई जति स्वदेशको माया लाग्छ, त्योभन्दा कम मलाई पनि लाग्दैन। म त झनै हरपल नेपाल नामको माला जपेर बसेको छु।"

काकाको त्यो कुराले मलाई अलि उत्साहित तुल्यायो। मैले भनें, "हो नि काका ! चाडबाड आयो कि नेपालको यादले सताउन थाल्छ। विदेशमा बस्दा न दशैं आएको थाहा हुन्छ, न तिहार आएको। न फागु आएको थाहा हुन्छ, न त शिवरात्रि नै। जहिले पनि कोठामा एक्लो भएर बस्नुपर्ने। एक्लै दिन काट्नुपर्ने। परिवारमा हामी दुईजना छौं। मेरो वाइफको रात्रिको ड्युटी छ, मेरो दिउँसोको छ। दुवैजना सँगै बस्ने दिन हप्तामा एक/दुई दिन मात्र हुन्छ। के बाँच्नु यस्तो एकाकी जीवन ! म बसेको शहरमा त हामीबाहेक अर्को एउटा पनि नेपाली परिवार छैन। कहिलेकाहीं वाइफको पाँच दिन लगालग काम पर्दा नेपाली न बोलेको मात्र होइन, कसैसँग कुरा नगरेको पनि पाँच दिन हुन्छ किनभने मैले पनि कहिलेकाही हप्ताभरि घरमा नै बसेर अनलाइन काम गर्नुपर्ने हुन्छ।"

मेरो भनाइमा काकाले यसरी थप्नुभयो, "के बस्नु यहाँ जेलको कैदी जस्तो भएर। दुई छाक ढुक्कसँग खान र सुविधयुक्त जीवन बिताउन आफ्नो देश नै त्यागने स्थिति मलाई पटक्कै मन परेको छैन। दुई छाक ढुक्कसँग खानका लागि आफ्नो समाज त्यागेर, चन्द्रमामा गएर, एक्लै बसेको स्थिति छ हाम्रो। मैले त मेरो वाइफलाई प्रस्ट गरी भनिदिएको छु, अब दुई वर्ष मात्र अमेरिका बस्ने हो। त्यसपछि अमेरिका त्यागेर, सुविधायुक्त जीवन नै भएपनि यो जीवन त्यागेर, नेपाल जाने हो। होइन, किन नेपालीहरू भेडाको बथान जस्तो, एउटा भेडा अगाडि हिंडेपछि बाँकी सबै भेडा पछिपछि हिंडे जस्तो ? बाँकीका भेडाले उचित बाटो नखोजेर अगाडिको भेडा खाल्डोमा खस्दा पनि बाँकी भेडा सोच्दै न सोची पहिलो भेडा खसेको ठाउँमा खसे जस्तो ? होइन, नेपालीहरू किन यसरी भेडा जस्तो खाल्डोमा खसेका होलान् ? किन विदेश स्वर्ग नै हो जस्तो गरेर यसभित्र पसेका होलान् ?"

काकाको कुरा सुनेपछि, विदेशको एकाकी जीवनबाट काका पनि मजस्तै विरक्तिएको मलाई विश्वास भयो। मेरो र काकाको विचार मिलेको पाएर मलाई खुशी लाग्यो पनि। एउटा दु:खीले अर्को दु:खीको दु:ख सुनेर आफ्नो दु:ख कम भएको महसूस गरेझैं मैले पनि मेरो दु:ख केही कम भएको महसूस गरें।

हामी लुजियाना राज्यको बेटनरूज शहरमा बस्ने एक नेपाली, जीवन लामाको घरमा दशैं मनाउन भेला भएका थियौं। दशैंको भोजको आयोजना जीवन लामाले गरेका थिए। मेरो घनिष्ठ मित्र जीवन लामाको निम्तो मान्न म ओक्लहोमा सिटीबाट बेटनरूज पुगेको थिएँ। सन् २०१९ को दशैं मङ्गलवारका दिन परे तापनि विकडेजमा सबैको काम पर्ने हुनाले विकइन्डमा, शनिवारका दिन, दशैं मनाउने निर्णय जीवनले गरेका थिए। त्यो दशैं भोजमा बेटनरूज र बाहिरका गरी ५० जना जति नेपाली र केही भारतीयहरूको उपस्थिति थियो। त्यो भोजमा नै जीवनले काकासँग मेरो परिचय गराइदिएका थिए। काका बेटनरूजमा बस्थे। त्यहाँ उपस्थित सबैले उनलाई काका, काका भनेको हुनाले मैले पनि काका नै भनेर सम्बोधन गरेको थिएँ। काकाको पूरा नाम भने महेन्द्रबहादुर कार्की थियो। उमेरले ६० काटेको देखिन्थ्ये।

काका र मबीच हुने कुराकानीमा जीवन निरन्तर सामेल नभए तापनि बेलाबेलामा हामीबीच भइरहेको गफ सुन्ने काम भने जीवनले गरिरहेका थिए। उनी बेलाबेलामा हामीनजीक आउँथे।

एकपटक जीवनले मलाई भनेका थिए, "काकाको कुरा सुन, विश्वास। रमाइलो कुरा गर्नुहुन्छ, काकाले।"

पत्नी र आफू गरी दुईजनाको परिवार लिएर काका बेटनरूजमा बसेको १०/१५ वर्ष भएको रहेछ। काकाका परिवारका अन्य सदस्यहरू नेपालमा नै रहेछन्। काका र काकीको स्थानीय रेस्टुरेन्टको कमाइले जिन्दगी राम्रो नै चलेको थियो। दुवैले कूकको काम गरेका रहेछन्। स्वदेशमा हुँदा काका नेपालको पश्चिमी जिल्लाको एक विद्यालयमा प्रधानाध्यापक थिए। काकासँगको कुराकानीको क्रममा मैले उनको बारेमा थाहा पाएको यति थियो। काका अति नै स्वदेशप्रेमी रहेको भन्ने उनको कुराकानीबाट थाहा पाएको थिएँ। त्यस कारण पनि म उनीसँग कुराकानी गर्न थप उत्साहित भएको थिएँ।

"के गर्नुहुन्छ ? नेपालबाट आउनुभएको कति भयो ?" काकाले मलाई सोध्नुभएको यो प्रश्नले मेरो दु:खको पेटारो खोल्ने सही मौका बल्ल मिलेको अनुभव मलाई बलियो गरी भयो।

मैले भनें, "काका म नेपालबाट आएको २० वर्ष भयो। सन् १९९९ मा म अमेरिका आएको हो। नेपालमा हुँदा नै मैले मैथमेटिक्समा मास्टर गरेको थिएँ। अमेरिकामा आएर फेरि मेथमेटिक्समा मास्टर गरें। मास्टर गरेपछि ओक्लहोमा राज्यको एक विश्वविद्यालयबाट मैथमेटिक्समा नै पिएचडी पनि गरें। त्यसपछि ओक्लहोमाकै अर्को एक विश्वविद्यालयबाट फेरि आइटीमा मास्टर्स गरें। अहिले म ओक्लहोमा राज्यको एक स्थानीय बैंकको आइटी डिपार्टमेन्टमा काम गर्छु।"

"म मैथमेटिक्सको मान्छे, आइटीमा मैले काम गरेको मलाई नै पटक्कै मन परेको छैन। तर के गर्ने ? पाएको जागीर त गर्नै पऱ्यो। बाँच्नु त पऱ्यो नि ... होइन र ? तर मेरो इच्छा भने कलेजमा टिचिङ गर्ने थियो र छ, अहिले पनि छ," मैले थपें।

"तपाईं जस्तो अति क्वालिफाइड मान्छे किन अमेरिकामा बसेको होला ? नेपाल जानुहोस्। नेपाल जानुभयो भने कम्तीमा पनि, यो समयमा, महीनाको एक लाख रुपियाँ पाउने जागीर तत्काल पाउनुहुन्छ, तपाईंले। के भन्ठान्नुभएको छ ? नेपाल अब पहिले जस्तो छैन। नेपाल, अब पहिलेको नेपाल रहेन। धेरै विकास भएको छ। नेपालको अहिलेको स्थिति देखेर मजस्तो सामान्य मान्छे त नेपाल फर्किने दृढ विचारमा छु," मेरो कुरा पूरा हुन नदिइकन नै काकाले भन्नुभयो।

मैले भनें, "ठीक भन्नुभयो काका। म विदेशको एकाकी जीवनबाट दिक्दार भइसकेको छु। आफ्नो रहनसहन, आफ्नो परम्परा, समाज त्यागेर पैसाको लागि विदेशमा कति बिताउनु रविन्सन क्रुसोको जिन्दगी ? पाएको एउटा ७०/८० वर्षे जीवन पनि विदेशमा बिताएर किन बर्बाद गर्ने ? अब त लाग्छ आफू जन्मे हुर्केको ठाउँमा, खेले बढेको ठाउँमा, जीवन बिताउन पाउनु ठूलो कुरा रहेछ। भाग्यमा लेखिनुपर्ने रहेछ, यो त। होइन र ? मान्छेहरू खुश भएर कसरी बस्न सकेका छन् विदेशमा ? आफ्नो नाता, कुटुम्बलाई कसरी छाड्न सकेका छन्, स्वदेशमा ? नाता, कुटुम्ब त्यागेर नेपालीहरू कसरी विदेशमा रमाएर बस्न सकेका छन् भन्ने विषयमा मलाई थप अर्को पिएचडी गर्न मन लागेको छ।"

"हेर्नुस्, आफ्नो समाज भनेको आफ्नै समाज हो। आफ्नो समाजमा बस्दा दुईजनाबीच कुरा हुँदा सन्दर्भ मिल्छ, कुरा अगाडि बढ्छ। सुख, दु:ख, हर्ष, विस्मातका कुराहरू हुन्छन्। विदेशमा त कुरा गर्दा पनि गाऱ्हो। यहाँका रैथानेसँग कुरा गर्दा कुराको सन्दर्भ नै मिल्दैन। रैथानेहरूको जीवनशैली एक थरीको छ भने हाम्रो जीवनशैली अर्को थरीको। अनि यसरी दुई थरी भएपछि कसरी सन्दर्भ मिल्छ ? अनि कसरी कुराकानी अगाडि बढ्न सक्छ ? त्यस कारण यहाँका रैथानेहरूसँग हाम्रो कुरा हुँदा केवल औपचारिक कुराहरू मात्र हुन्छन्। केवल कारोबारी कुराहरू मात्र हुन्छन् ? होइन त काका ?" मैले भनाइलाई निरन्तरता दिएँ।

"कस्तो अचम्म ! यहाँ बसेको २० वर्ष भयो, यो २० वर्षमा, आफू बसेको यो ठाउँ कहिले आफ्नो ठाउँ जस्तो लागेन ? यहाँको सडक, पार्क, भवन, बस्ती, हावा, पानी कहिले आफ्नो जस्तो लागेन। किन यस्तो भएको होला ? कहिले म आफू किन यस्तो भएको होला भनेर आफैंसँग प्रश्न गर्छु। म किन यति राष्ट्रवादी भएको होला भनेर अचम्म पनि लाग्छ। मेरो मनोविज्ञान त्यस्तो किन भएको होला। मलाई किन यस्तो लागेको होला, काका ?" मैले भनें।

काकाले भन्नुभयो, "मलाई पनि ठ्याक्कै तपाईं जस्तो लाग्छ, यो विदेशको बसाइ।" यति भनेर काकाले मतिर एकछिनसम्म हेर्नुभयो पनि।

जीवनले केहीबेर पहिलेदेखि हाम्रो कुराकानी परबाट तर निकै ध्यान दिएर सुनेको मैल अनुभव गरें। तर मैले कुरा गर्न उनलाई इशारा गर्नुपूर्व नै उनी डाइनिङ रूमतिर पसे। मैले जीवनसँग कुरा गर्न पाइनँ।

काकातिर हेर्दै मेलै भनें, "काका, एउटा अचम्मको कुरा भन्छु तपाईंलाई। म छ महीना पहिले काठमाडौं गएको थिएँ, त्यहाँ पुगेर मैले अनौठो अनुभव गरें। अति नै अनौठो र पत्याउन पनि कठिन छ मेरो त्यो अनुभव।"

काकाले हत्तारिंदै भन्नुभयो, "के त्यस्तो अनुभव गर्नुभयो, काठमाडौं पुगेर ?"

मैले भनें, "काठमाडौं एयरपोर्टमा झरेपछि इमिग्रेशन, भन्सारको झन्झट सक्याएर टेक्सी समात्न गएँ। टेक्सी ड्राइभरहरूले मेरो टेक्सीमा चढ्नुहोस्, मेरो टेक्सीमा चढ्नुहोस् भन्दै मेरो हात नै तान्न थाले। त्यहाँ मेरो हात तानातान भयो। तर टेक्सी ड्राइभरहरूले त्यसरी मेरो हात तानातान गर्दा मलाई पटक्कै नरमाइलो लागेन। रिस पनि उठेन। काठमाडौं पुगेको दिनको साँझ, आफ्नो डेरा जडीबुटीबाट बस चढेर नयाँ सडक पुगें। बसमा खुट्टा राख्ने ठाउँ थिएन। जति मान्छे सीटमा बसेका थिए, त्योभन्दा बढी उभिएका थिए। बसभित्र अति नै भीड थियो। सासै थुनिएला जस्तो भएर बल्लबल्ल म नयाँ सडक पुगें। तर मलाई त्यस्तो अवस्थामा पनि, बसभित्र पटक्कै नरमाइलो लागेन। धेरै वर्षपछि नेपाल गाएको हुनाले इन्द्रचोक, असनतिर गएँ। त्यतातिर हिंड्न पनि गाऱ्हो थियो, त्यस्तो भीड थियो। भीडमा हिंडिरहेको बेला, कतिपय समयमा, मानिसले मेरो खुट्टा पनि कुल्चिदिए। तर मलाई नराम्रो लागेन। उल्टो, राम्रो नै लाग्यो। किन होला ?"

"किन होला," काकाले प्रतिप्रश्न गर्नुभयो।

मैले भनें, "काका, धेरै वर्ष भएको थियो। मैले त्यति धेरै मान्छे एकै ठाउँमा देखेको थिइनँ ? अमेरिकाको एकाकी जीवनमा कहाँ त्यतिधेरै मानिस एकै ठाउँमा देख्न सक्नु ? त्यति मान्छेहरू देखेर मलाई अति नै रमाइलो लागिरहेको थियो। १० वर्ष भएको थियो म नेपाल नगएको, भीडभाड नदेखेको। त्यस कारण म त झन् भीड भएको ठाउँ खोजीखोजी, भीडमा पसिरहेको थिएँ। आफू भीडभित्र हराउँदा औधी आनन्द आइरहेको थियो। कति आनन्द आएको थियो भन्ने कुरा म शब्दमा व्यक्त गर्न सक्तिनँ," मैले थपें, "म अमेरिकाको एक सानो शहरमा बस्छु। त्यहाँ मानिस सडकमा हिंडेको देखिंदैन। सबैजना केवल कारमा चढेर एक ठाउँबाट अर्को ठाउँ पुग्छन्। मान्छेहरू भेट्ने भनेको केवल पसलहरूमा मात्र हो। काकालाई आश्चर्य लाग्ला, म बसेको शहरमा, कतिपय ठाउँमा केवल गाडी गुड्ने पिच सडक मात्र छ। मान्छे हिंड्ने फूटपाथ छैन। मान्छेहरू हिंड्दैनन्, केवल कारमा मात्र चढेर ओहोरदोहोर गर्छन् भन्ने सोचेर होला मान्छे हिंड्ने फूटपाथ बनाइएको छैन। त्यस कारण सडकमा केवल गाडीहरू दौडिएका देखिन्छन्। मान्छेहरू हिंडेको पटक्कै देखिंदैन। कस्तो अचम्म !"

"तपाईंको अनुभव पनि गज्जब रहेछ। राष्ट्रभक्ति पनि गज्जबको रहेछ। तपाईंको कुरा सुनेर मलाई त झन् एक वर्षभित्रमा नै नेपाल जाउँजाउँ जस्तो लाग्यो।" यति भनेर काका रेस्टरूमतिर पस्नुभयो। काका रेस्टरूमतिर पस्नु र जीवन मनजीक आउनु एकैपटक भयो। यो संयोग जस्तो मलाई लागेन। बरु लाग्यो कुन बेला काका रेस्टरूमतिर जालान् र म एक्लो रहूँला र मसँग कुरा गर्न सजिलो होला भन्ने दाउ जीवनले पर्खे जस्तो।

जीवन मनजीक आए अनि मेरो काँधमा हात राख्दै भने, "यो काकाको कुरा नपत्याउनु है साथी। यिनी दिमाग चाट्ने मानिस हुन्। अरूको दिमाग भुट्नमा खप्पिस छन्। यिनी नेपाल कहिले जानेवाला छैनन्। आउन त यिनी १० वटा दिमाग लगाएर अमेरिका आएका हुन्। अनि कसरी जान्छन् होला ? यिनको राष्ट्रवाद पनि हात्तीको देखाउन दाँत जस्तो हो। तर अरूलाई आफू राष्ट्रवादी हो भन्छन्, नेपाल फर्किने कुरा गर्छन्।"

"हो र," मैले आश्चर्य मान्दै भनें।

जीवनले भने, "यी काका एक विद्यालयमा प्रधानाध्यापक थिए। तर माओवादी सङ्घर्षको बेला विद्यालयको काममा कम माओवादी आन्दोलनमा बढी लागेका थिए। मान्छेहरूले भने अनुसार यिनी माओवादीको जिल्लास्तरीय नेता थिए रे। माओवादी भएर ठूलै फाइदा उठाएका थिए। पछि २०६३ सालमा माओवादी मूलधारको राजनीतिमा आएपछि यिनी काठमाडौंमा नै बस्न थाले। कताबाट के दाउ लगाए कुन्नि, यी काका टुरिस्ट भिसामा अमेरिका आए। अमेरिका आएर माओवादीपीडित हुँ भन्दै शरणार्थीको दर्जा पाउन निवेदन हाले। अहिले यिनी शरणार्थी बनेर अमेरिकामा बसेका छन्। सुने अनुसार यिनले ग्रीनकार्ड पनि पाइसकेका छन्, रे। काकाको बारेमा त्यस्तै यस्तै मैले सुनेको छु।"

"यी काका चालू छन्। यिनको कुरा सुनेर कुनै ठोस निर्णय नलिनु, है," जीवनले थपे।

जीवनको मुहारतिर हेर्दै मैले आश्चर्य मानेर भने, "जीवन, हो र ... ।"

जीवनले पनि लेघ्रो तानेर मसँग आँखामा आँखा जुधाउँदै भने, "हो नि ... ।"

काका रेस्टरूमबाट हामीतिर आउँदै गरेको देखेपछि जीवन अन्यत्र लाग्ने तरखरमा लागेको मलाई लाग्यो। तर काका हामीतिर आएनन्। कता हराए। म काकालाई खोज्नतिर लागें। काका लिभिङ रूमको एउटा कुनामा १०/१५ जनाबीच हुनुहुनथ्यो। छेउछाउका मान्छेहरूलाई केही भन्दै हुनुहुन्थ्यो। म अलि पर भएकोले उहाँका सबै कुरा सुन्न त मैले पाइनँ। "देशभक्ति त मर्दैन चुथ्यै देश भएपनि," काकाले जोडजोडले भनेको राम्ररी सुनें। हाल: अमेरिका

साभार: समकालीन साहित्य

## देउतातुल्य ...

दोस्रो कृति बालबालिकाका निम्ति पनि।

ज्ञानगुन प्रकाशनले शान्तदास मानन्धरको बारेमा प्रकाशन गरेको पहिलो सङ्कलन सराहनीय छ। यसको लागि ज्ञानगुन प्रकाशन र शेषराज शिवाकोटीको मुरीमुरी प्रशंसा गरिनुपर्छ। एक देशभक्त, इमानदार, साहित्यकार तथा विचारक शान्तदास मानन्धरलाई यस सङ्कलनले देवतासरहको मानिस भएको अर्थात् पूजा गर्नुपर्ने व्यक्तित्व भएको देखाएको छ। शान्तदास मानन्धर स्मृति अङ्कको अन्य भाग पनि क्रमश: प्रकाशन गर्दै शिवाकोटीले एक असल व्यक्तित्वका सन्देशहरू प्रसार गरेर आम पाठकमा पुऱ्याउने सत्कार्य गर्ने अपेक्षा राख्न सकिन्छ। र समग्रमा यस सङ्कलनका आधारमा शान्तदासलाई सबैले पढ्नुपर्ने एक महान् व्यक्तित्व मान्न सकिन्छ र यस सङ्कलनलाई पनि पढ्नै पर्ने एक पुस्तिका मान्नुपर्छ।

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेन सम्झौताका लागि ट्रम्पलाई भेट्न पुटिन तयार

मस्को, ५ पुस/एएफपी

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले


तस्वीरः एजेन्सी

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पसँग कुनै पनि बेला वार्ताका लागि आफू तयार रहेको बताएका छन् ।

जनवरीमा अमेरिकी राष्ट्रपतिको जिम्मेवारी सम्हाल्न दोस्रोपटक ह्वाइट हाउस फर्कन लागेका ट्रम्पले वार्ता शुरू गर्न आह्वान गरेपछि पुटिनको यो भनाइ आएको हो ।

ट्रम्पको आह्वानले किएभमा उनले युक्रेनलाई मस्कोको अनुकूल शर्तमा शान्ति स्वीकार गर्न बाध्य पार्न सक्ने आशङ्का बढेको छ ।

वर्षको अन्त्यमा आयोजित वार्षिक पत्रकार सम्मेलनमा ७२ वर्षीय उनले युद्धभूमिमा आफ्नो सेनाले माथिल्लो भागमा पकड बलियो बनाएको बताएका थिए ।

उत्तरपूर्वी युक्रेनमा रूसी आक्रमणमा तीनजनाको मृत्यु भएको र युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले ब्रसेल्समा इयूका नेताहरूसँग वार्ता गरिरहँदा उक्त कुरा बताएका हुन् ।

पुटिनले आत्मविश्वासका साथ भने, "अगस्तदेखि किएभको कब्जामा रहेको रूसको कुर्स्क क्षेत्रको केही भाग रूसले कहिले फिर्ता लिन्छ भन्ने आफूलाई थाहा नभएको बताउनुभएको छ ।"

सम्भावित शान्ति सम्झौताका बारेमा ट्रम्पको प्रस्तावबारे सोधिएको प्रश्नमा पुटिनले अमेरिकी सत्ता सम्हाल्न लागेको रिपब्लिकन पार्टी र यसका नेतासँग भेटवार्ताको वातावरण बनेमा यसका लागि आफू तयार रहेको बताए ।

पुटिनले भने, "निस्सन्देह कुनै पनि समय म वार्ताको लागि तयार छु तर मलाई थाहा छैन उहाँसँग भेट्ने वातावरण कहिले बन्छ । उहाँले यस विषयमा केही पनि भन्नुभएको छैन । चार वर्षभन्दा बढी समयदेखि मैले उहाँसँग कुरा गरेको पनि छैन ।"

उनले भने, "मलाई विश्वास छ, यदि हामीले नवनिर्वाचित राष्ट्रपति ट्रम्पसँग भेट गर्‍यौं भने हामीले धेरै कुरा गर्नेछौं ।"

पूर्वी युक्रेनमा रूसी सेना महीनौंदेखि अघि बढिरहेको छ र पुटिनले युद्धभूमिमा बारम्बार आफ्नो शक्ति प्रदर्शन गरिरहेका छन् ।


तर युक्रेनी आक्रमणका क्रममा फ्रन्टलाइन एरियाबाट हजारौंलाई बाहिर निकालिएपछि कुर्स्क क्षेत्रका एक महिलाले त्यहाँका बासिन्दालाई आफ्नो घर फर्कन कहिले सकिन्छ भनेर सोधेको प्रश्नमा पुटिनले मिति तोक्न नसकिने बताए ।

उनले भने, "बिल्कुल, हामी उनीहरूलाई पूर्णरूपमा बाहिर निकाल्नेछौं । यो अरू कुनै तरीका हुन सक्दैन । तर निश्चित मितिबारे मलाई माफ गर्नुहोस्, म अहिले नै भन्न सक्दिनँ ।"

पुटिनलाई सैन्य खर्चमा ठूलो वृद्धि र द्वन्द्वका कारण भएको श्रमको गहिरो अभावका कारण रूसले सामना गर्नुपरेको आर्थिक सङ्कटबारे पनि सोधिएको थियो ।

उनले कम बेरोजगारी र औद्योगिक वृद्धिको हवाला दिंदै बाह्य खतराका बावजूद अर्थतन्त्र स्थिर रहेको बताए ।

बढ्दो मुद्रास्फीतिबारे सोधिएको प्रश्नमा पुटिनले मुद्रास्फीति चिन्ताजनक सङ्केत हो । मखन र मासुजस्ता खाद्यपदार्थको मूल्यवृद्धि अप्रिय भएको उनले स्वीकार गरे । रासस


**ठूलोजलेवा चरा** : दाङको घोराही उपमहानगरपालिका–१७ स्थित कर्झाही जलाशयमा देखिएका हिउँदको समयमा मौसम छल्न आएका ठूलोजलेवा चरा । तस्बिरः कुलदीप न्यौपाने/रासस

## कार्यालय समयमा उपलब्ध नहुने चिकित्सकलाई कारबाही गरिने

काठमाडौं, ५ पुस/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कार्यालय समयमा उपलब्ध नहुने चिकित्सकलाई कारबाही गर्ने भएको छ। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले गुनासो सुनवाइ एकाइ 'हेल्लो स्वास्थ्य १११५'मा कार्यालय समयमा चिकित्सक उपलब्ध नभएको गुनासो आएको र अटेर गरेको पाइए कारबाही गर्न मातहतका अधिकारीलाई निर्देशन दिएका छन् ।

उनले विद्युतीय हाजिरी अनिवार्य गर्ने व्यवस्था मिलाउनका लागि समेत निर्देश गरेका छन् ।

मन्त्री पौडेलले नियमितरूपमा हेल्लो स्वास्थ्यमा आएका गुनासा सुन्दै सुधारका लागि अधिकारीको ध्यानाकर्षण गराउँदै आएका छन् ।

मन्त्रालय अन्तर्गतको गुणस्तर मापन तथा नियन्त्रण महाशाखाले मातहतका सबै कार्यालयमा पठाएको पत्रमा चिकित्सक एवं स्वास्थ्यकर्मी कार्यालय समयमा कार्यकक्षमा रही सेवाप्रवाहको व्यवस्था मिलाउन भनिएको छ ।

मन्त्रालयले मातहतका सबै अस्पतालमा पत्राचार गर्दै कार्यालय समयमा सेवाप्रवाह गरेको सुनिश्चितता गर्न भनेको हो। कार्यालय समयमा बाहिर जानु परे लगबूक राखेर मात्र जाने व्यवस्था मिलाउन पत्रमा भनिएको छ । मन्त्रालयले कार्यालयमा आउँदा र जाँदा अनिवार्यरूपमा विद्युतीय हाजिरी गर्ने व्यवस्था मिलाउनसमेत पत्रमा उल्लेख छ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले कार्यालय समयमा चिकित्सक तथा स्वास्थ्यकर्मी नभएको बारम्बारको गुनासोपछि पत्राचार गरिएको भन्दै अनुगमन पनि गर्ने बताए । "कार्यालय समयमा सेवामा उपस्थित हुनुपर्ने सबैको कर्तव्य हो," उनले भने, "यसलाई कडाइका साथ लागू गर्न स्मरण गराएका छौं । अनुगमनमा कोही दोषी भेटिए कारबाही हुनेछ ।"

प्रवक्ता बुढाथोकीले मन्त्रालयले व्यवस्था गरेको गुनासो सुनवाइ एकाइ हेल्लो स्वास्थ्यमा सेवा सम्बन्धमा गुनासा भए टिपाउन आग्रह गर्दै त्यसको सुनवाइ भइरहेको दाबी गरे ।

## सिरियाली नयाँ नेतृत्वलाई भेट्न अमेरिकी कूटनीतिज्ञ दमास्कसमा

दमास्कस, ५ पुस/एएफपी

सिरियाका नयाँ इस्लामवादी नेतृत्वको शासकलाई भेट्न अमेरिकी कूटनीतिज्ञहरू सिरिया पुगेको अमेरिकी विदेश मन्त्रालयले शुक्रवार जनाएको छ।

पूर्वशासक बशर अल असदलाई सत्ताच्युत गरेपछि दशकौंदेखिको दुर्व्यवहार र वर्षौंदेखिको सिरियाली गृहयुद्ध अन्त्य भएको छ तर यसले अल्पसङ्ख्यकका साथै महिलाको अधिकार र अर्धस्वायत्त कुर्द क्षेत्रको भविष्यबारे चिन्ता बढाएको छ ।

बिहीवार दमास्कसमा सयौंले लोकतन्त्र र महिला अधिकारको माग गर्दै प्रदर्शन गरेका थिए ।

उत्तरपूर्वी सिरियाको कामिश्लीमा टर्की र उसका सहयोगी विद्रोही लडाकूको दबाबमा रहेको अमेरिकासमर्थित कुर्द नेतृत्वको सेनाको समर्थनमा हजारौंले प्रदर्शन गरेका छन् ।

अल–कायदाको सिरिया शाखामा जरा गाडेको हयात तहरीर अल–शाम (एचटिएस)ले असदलाई देश छोड्न बाध्य पार्ने आक्रामक आक्रमणको नेतृत्व गरेको थियो ।

एचटिएसको राजधानीमा अचानक आगमनले विदेशी सरकारहरू सिरियासँगको नयाँ नीतिबारे अलमलमा परेका छन्। केही देशहरूमा एचटिएसलाई आतङ्कवादी समूह घोषित गरिएको छ ।

सन् २०११ मा असदले सरकारविरोधी प्रदर्शनमा कडाइ गरेपछि शुरू भएको गृहयुद्धको सुरुआती दिनदेखि नै अमेरिकी कूटनीतिज्ञहरू औपचारिक अभियानसहित दमास्कस गएका छैनन् ।

उनीहरूले वाशिङ्टनले आतङ्कवादी समूह घोषणा गरेको एचटिएसका प्रतिनिधिका साथै अधिकारकर्मी, अल्पसङ्ख्यक समूह र नागरिक समाजका प्रतिनिधिसँग भेटवार्ता गर्ने अमेरिकी विदेश मन्त्रालयले जनाएको छ ।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले सिरियाली नागरिकसँग आफ्नो देशको भविष्यका लागि उनीहरूको दृष्टिकोण र अमेरिकाले उनीहरूलाई कसरी सहयोग गर्न सक्छ भन्ने विषयमा कुराकानी गर्ने बताएका छन् ।

उक्त प्रतिनिधिमण्डलमा सन् २०१२ को अगस्तमा सिरियामा अपहरणमा परेका पत्रकार अस्टिन टाइसलगायत हराएका अमेरिकी नागरिकबारे सुराकी खोजिरहेका अमेरिकी नागरिक पनि रहेका छन् ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले सिरियाका छिमेकीको भ्रमणका क्रममा अमेरिका एचटिएससँग प्रत्यक्ष सम्पर्कमा रहेको बताएको एक सातापछि यो भ्रमण हुन लागेको हो। रासस

## ट्रकले ठक्कर दिंदा पाँचजनाको मृत्यु, ३५ घाइते

नयाँ दिल्ली, ५ पुस/सिन्हवा

भारतको पश्चिमी राज्य राजस्थानमा शुक्रवार बिहानै रसायन बोकेको ट्रक अन्य सवारीसाधनसँग ठोक्किंदा कम्तीमा पाँचजनाको मृत्यु हुनुका साथै ३५ भन्दा बढी मानिस घाइते भएका स्थानीय प्रहरीले जनाएको छ ।

जयपुर–अजमेर राजमार्गको भाङ्क्रोटा क्षेत्रमा दुर्घटना भएको हो । दुर्घटनास्थल वरपर केही पेट्रोल पम्पहरू थिए ।

घाइतेमध्ये धेरैको अवस्था गम्भीर रहेको छ ।

एसएमएस मेडिकल कलेजका प्रिन्सिपल दीपक महेश्वरीले भने, "लगभग २४–२५ जनालाई आइसियूमा भर्ना गरिएको छ। घटनामा धेरै मानिस घाइते भएका छन् । यो एक गम्भीर दुर्घटना हो ।"

आगलागीबाट ट्रक र निजी कारसहित करीब ४० सवारीसाधन जलेर नष्ट भएका छन् । दमकललाई आगो निभाउन निकै कठिनाइ भएको थियो ।

राजस्थानका मुख्यमन्त्री भजनलाल शर्माले उद्धार र राहतका लागि सक्दो प्रयास भइरहेको बताए । रासस

## एडिबीद्वारा एक खर्ब पाँच अर्ब ६१ करोड सहयोग

काठमाडौं, ५ पुस/रासस


तस्वीरः रासस


एशियाली विकास बैंक (एडिबी)ले विभिन्न तीनवटा परियोजना कार्यान्वयन गर्न रु एक खर्ब पाँच अर्ब ६१ करोड सहयोग गर्ने भएको छ । सहायता रकममध्ये रु छ अर्ब ५२ करोड अनुदान हो भने बाँकी रकम सहुलियतपूर्ण ऋण हो ।

दोस्रो चरणको काठमाडौं उपत्यका खानेपानी आपूर्ति सुधार परियोजना, दक्षिण एशिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक) विद्युत् प्रसारण तथा वितरण सुदृढीकरण परियोजना तथा समावेशी विकास कार्यक्रम कार्यान्वयन गर्न उक्त ऋण एवं अनुदान उपयोग गरिनेछ ।

अर्थ मन्त्रालयमा शुक्रवार आयोजित कार्यक्रममा ऋण एवं अनुदान सहायतासम्बन्धी सम्झौतापत्रमा अर्थसचिव डा रामप्रसाद घिमिरे र एडिबीका देशीय निर्देशक आर्नो कोश्वाले हस्ताक्षर गरे ।

त्यस अवसरमा सचिव घिमिरेले नेपालको सामाजिक–आर्थिक विकासमा एडिबीबाट प्राप्त सहयोगका निम्ति कृतज्ञता व्यक्त गरे ।

निर्देशक कोश्वाले नेपालको कृषि, प्राकृतिक स्रोत, ग्रामीण विकास, ऊर्जा, सार्वजनिक क्षेत्र व्यवस्थापन, खानेपानी, एवं शहरी पूर्वाधार निर्माणमा एडिबीले सघाउँदै आएको बताए ।

## हेटौंडा सिमेन्टको उत्पादन आगामी सातादेखि

बाग्मती, ५ पुस/रासस

हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले यही पुस १३ गतेदेखि सिमेन्ट उत्पादन शुरू गर्ने तयारी गरेको छ । उद्योगको उपकरण मर्मतको काम सकिन लागेकाले पुस १३ गतेदेखि सिमेन्ट उत्पादन शुरू गरिने तयारी भएको उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले जानकारी दिए ।




उपकरणको कार्य पुसको १० गतेसम्ममा सकिने र त्यस लगत्तैबाट उत्पादन गर्ने तयारीमा रहेको उनले बताए। "उद्योगको क्लिनिकलर मेशीनलगायतका उपकरणको मर्मत कार्य अझै भइरहेकै छ," अध्यक्ष भण्डारीले भने, "हामीले तिहारसम्ममा मर्मत सकिन्छ र त्यस लगत्तै पुनः सिमेन्ट उत्पादको कार्य शुरू गर्ने अनुमान गरेका थियौं, तर उपकरण मर्मतको काम नसकिएकाले उद्योग सञ्चालन गर्न समय लागेको हो ।"

उपकरणको मर्मत गर्नुपर्ने भन्दै उद्योग व्यवस्थापनले गत असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो । उद्योगको उपकरण बनाउन भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले मर्मतसम्भारमा समय लागेको उनले बताए । "हामीसँग कच्चा पदार्थको कुनै अभाव छैन्," अध्यक्ष भण्डारीले भने, "उद्योगलाई चाहिने करीब ४०० मेट्रिक टन कोइला मौज्दात छ ।"

थप कोइला खरीदको प्रक्रिया अघि बढिसकेकाले कोइलाको समस्या नहुने उनको भनाइ छ । आर्थिक अभावका कारण यस अघि दुई महीना सो उद्योग बन्द भएको थियो ।

यही भदौ महीनाको तेस्रो साताबाट सिमेन्ट उत्पादन शुरू गरेको सो उद्योगले यस अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको अध्यक्ष भण्डारीले बताए ।

विसं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ देखि सिमेन्ट उत्पादन शुरू गरेको थियो ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – चोरभय | वृष – भयचिन्ता |
| मिथुन – मित्रमिलन | कर्कट – कान्तिक्षय |
| सिंह – अन्नलाभ | कन्या – खर्चवृद्धि |
| तुला – धनलाभ | वृश्चिक – सफलता |
| धनु – अलमल | मकर – रोगभय |
| कुम्भ – व्यापारवृद्धि | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### युथ अफ ...

श्रेष्ठले बताए। कार्यक्रममा वडाध्यक्ष विशन सापकोटा, प्रअ मधुसूदन अधिकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम खड्का, अन्तर्राष्ट्रिय तोक्वान्दो खेलाडी यानकुमारी चौलागाई, संस्थाका पूर्वअध्यक्षहरू राजन श्रेष्ठ, सागर तामाङ, उषा लामा, उत्सव श्रेष्ठलगायतको सहभागिता थियो ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



ठाकुर राम बहुमुखी क्याम्पसमा त्रिभुवन विश्वविद्यालय कर्मचारी सङ्घ क्याम्पस एकाइ समितिले विभिन्न माग राखेर शुक्रवार पनि धर्ना कार्यक्रमलाई जारी राखेको छ। तस्वीरः नितेश कर्ण/प्रतीक

# सानिमा बैंकको आयोजनामा २५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ५ पुस/

सानिमा बैंकको स्थापना दिवसको अवसरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा आठजना महिलासहित २५ जनाले रक्तदान गरेका छन्।




कार्यक्रममा रजनी गुरुङ, अनुपकुमार पटेल, सागर विक्रम शाह, मनीष सोनी, प्रिन्स श्रीवास्तव, हिमेशकुमार साह, सुरजकुमार झा, सुरजकुमार पटेल, उमेशकुमार गुप्ता, सागरकुमार साहलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्रमुख सौरभराज पाण्डेयले बताए।

कार्यक्रममा अभिलाषकुमार गुप्ता, राजेन्द्र भट्टराई, जीतेन्द्र कुशवाहालगायतले सहयोग गरेका थिए।


## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवाप्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैंले लिऔं, बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाइनबाटै सेवा लिने र दिने गरौं,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- सेवाप्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ९७ किलो गाँजासहित दुईजना पक्राउ

प्रस, वीरगंज, ५ पुस/

जिल्ला प्रहरी कार्यालय, बाराले ९७ किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको छ।



बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश लम्सालले इलाका प्रहरी कार्यालय, अमलेखगंजका प्रहरी वरिष्ठ नायब निरीक्षक टेकबहादुर कार्की नेतृत्वको टोलीले जीतपुरसिमरा उपमहानगरपालिका–२२ तीन नम्बर पुल टावरडाँडाको बिरुवा खोलाको झाडीमा लुकाइराखेको अवस्थामा ९७ किलो गाँजा बरामद गरिएको बताए।

उनले प्रारम्भिक अनुसन्धानको क्रममा गाँजा ओसारपोसारमा प्रयोग भएको बा.११च ७०१२ नम्बरको फोर्ड कारसहित चालक चितवन, राप्ती नगरपालिका–२ गडचौली निवासी विष्णु लामा, गाडीमा सवार भरतपुर नपा–२४ निवासी टेकबहादुर गुरुङलाई पक्राउ गरेर अनुसन्धान भइरहेको बताए। उनले १८ वटा पोकामा ९७ किलो गाँजा रहेको जानकारी दिए।

## परालमा आगलागी

प्रस, सर्लाही, ५ पुस/

सर्लाही जिल्ला कविलासपुर नगरपालिका–३ दिनघरामा आगलागी हुँदा डेढ बिघामा रहेको धानको पराल जलेर नष्ट भएको छ।

हिजो राति ८ बजे आगलागी भएको र स्थानीय रामचन्द्र ठाकुरको एक बिघा र रामधनी रायको १० कट्ठामा रहेको धानको पराल जलेर नष्ट भएको स्थानीय मुकेश ठाकुरले बताए।

ठाकुर र रायले आधारभूत विद्यालय छेउमा पराल राखेका थिए र आगलागी भएपछि मङ्गलवा नगरपालिकाको वारुणयन्त्र र सुरक्षाकर्मीको सहयोगमा नियन्त्रणमा लिइएको थियो। आगलागीको कारण खुल्न सकेको छैन।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## एशिया कप क्रिकेट : नेपाल बङ्गलादेशसँग पराजित

काठमाडौं, ५ पुस/रासस

एसिसी महिला यू–१९ एशिया कप क्रिकेट अन्तर्गत शुक्रवार भएको सुपर चारको अन्तिम खेलमा नेपाल बङ्गलादेशसँग नौ विकेटले पराजित भएको छ।




मलेशियाको बायुमास ओभल मैदानमा भएको खेलमा नेपाल बङ्गलादेशसँग नौ विकेटले पराजित भएको हो। जीतसँगै बङ्गलादेशले प्रतियोगिताको फाइनलमा भारतसँगको भेट पक्का गरेको छ।

आजको खेलमा वर्षा बाधक बनेपछि खेल ११ ओभरमा घटाइएको थियो। जसमा नेपालले ११ ओभरमा आठ विकेटको क्षतिमा ५४ रन जोडेको थियो। जीतका लागि ५५ रनको लक्ष्य पछ्याएको बङ्गलादेशले नौ दशमलव पाँच ओभरमा एक विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो।

बङ्गालदेशका लागि ओपनर फाहोमिदा चोयाले २६ रन जोडिन् भने ओपनर मोसमत इभाले १८ रन बनाइन्। साथै सुमैया अख्तरले १० रन जोडिन्। नेपालका लागि कुसुम गोदारले एक विकेट लिइन्।

त्यस अघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालका लागि ओपनर सावित्री धामीले सर्वाधिक ११ रन जोडिन्। कप्तान पूजा महतोले नौ र एलिशा यादवले आठ रन बनाए। बङ्गलादेशका फर्जाना इस्मिन, अनिशा अख्तर सोबा, फहोमिदा चोया र हबिबा इस्लामले समान एक/एक विकेट लिए।

## हङकङविरुद्धको शृङ्खलामा नेपालको 'क्लिनस्विप'

काठमाडौं, ५ पुस/रासस

हङकङविरुद्धको यू–१९ एकदिवसीय क्रिकेट शृङ्खलामा नेपालले 'क्लिनस्विप' गरेको छ। मूलपानी क्रिकेट मैदानमा शुक्रवार भएको अन्तिम एकदिवसीय खेलमा हङकङलाई १३० रनले पराजित गर्दै नेपालले शृङ्खलामा क्लिनस्विप गरेको हो। आज नेपालले दिएको २६६ रनको लक्ष्य पछ्याएको हङकङले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर १३५ रन जोड्न सक्यो।



तस्वीरः फाइल

हङकङका लागि प्रीत माङ्कियाले अविजित रहँदै अर्धशतकीय पारी खेले। उनले ८७ बलमा सात चौकाको मदतले ५५ रन बनाए। अब्दुल समदले २३ र कप्तान शिव माथुरले १९ रन जोडे। उनीहरूबाहेक कुनै पनि खेलाडीले दोहोरो अङ्को रन बनाउन सकेनन्।

हङकङका लागि आरेज दारले सात, शायन पुरीले अविजित रहँदै पाँच, डेनियल मापले चार, विल वाल्शले तीन, तरण लौङ्गानीले दुई र म्याथ्यू जेम्स क्लेटनले एक रन बनाए। यो खेलमा हङकङले अतिरिक्त पाँच रन पाएको छ।

बलिङतर्फ नेपालका कप्तान अभिषेक तिवारी र अफरूद्दीन रेनले समान दुई/दुई विकेट लिए। राजेश बोहरा, दीपक सेराला र सन्तोष यादवले समान एक/एक विकेट हात पारे।

त्यस अघि टस जितेर ब्याटिङ रोजेको नेपालले ४९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै २५५ रन बनाएको थियो। नेपालले पहिलो खेलमा हङकङलाई तीन विकेटले र दोस्रो खेलमा २२६ रनले पराजित गरेको थियो।

# पोखरियामा निश्शुल्क आँखा शिविर

प्रस, वीरगंज, ५ पुस/

लायन्स क्लब र हौसला फाउन्डेशनको आयोजनामा शुक्रवार एक दिने निश्शुल्क आँखा शिविर पोखरियामा सम्पन्न भएको छ।




तस्वीरः प्रतीक

शिविरमा ५७ जनाको आँखा परीक्षण गरिएको थियो। जसमध्ये ३५ जनामा मोतीबिन्दु फेला परेको थियो। मोतीबिन्दु भएकाहरूलाई आज वीरगंजस्थित सामुदायिक आँखा अस्पतालमा निश्शुल्क शल्यक्रिया गरी पठाइएको लायन्स क्लबका अध्यक्ष सलमा खातुनले बताइन्। आँखा शिविरमा वडाध्यक्ष लक्ष्मण साह कानूलगायतको सहभागिता थियो।

# लायन्सको आयोजनामा मेहदी प्रतियोगिता

प्रस, वीरगंज, ५ पुस/

लायन्स क्लब अफ वीरगंज मेट्रोसिटी र संस्कृति गोल्डको आयोजनामा बिहीवार वीरगंज–३ छपकैयास्थित ग्रीनल्यान्ड स्कूलमा मेहदी प्रतियोगिता सम्पन्न भएको छ।




विद्यालयमा अध्ययनरत कक्षा ५–८ का १९ जना छात्रा प्रतियोगितामा सहभागी थिए। उनीहरूमध्ये रुक्सार खातुन प्रथम, शहजादी खातुन द्वितीय र सुबी खातुन तृतीय भएका थिए। विजयी छात्राहरूलाई कार्यक्रमका प्रमुख अतिथि मेट्रोसिटीका अध्यक्ष अशोक बेरिवाल र संस्कृति गोल्डकी अध्यक्ष रितिका जयसवालले पुरस्कृत गरेका थिए। खुश्बु गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा प्रदीप अग्रवाल, नरोत्तम पाण्डे, सुशील साह, प्रिया सिंह, अङ्कित चौरसिया, नवलकिशोर भङ्गल, उपेन्द्र पण्डितलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण उमेश गुप्ताले गरेका थिए।